# परिच्छेद एक

## शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "काठमाडौँ जिल्लाका घाँसेगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण" रहेको छ ।

### १.२ शोधको प्रयोजन

प्रस्तुत शोधको प्रयोजन त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिअन्तर्गत स्नातकोत्तर तहको दसौं पत्रको आवश्यकता परिपूर्तिको लागि गरिएकोछ ।

### १.३ विषयपरिचय

लोकसाहित्यको सर्वाधिक लोकप्रिय र महत्त्वपूर्ण उपविधाको रूपमा लोकगीत रहेको छ । 'लोक' र 'गीत' गरी दुई शब्दको योगबाट 'लोकगीत' शब्द बनेको छ । लोक शब्दले दुईवटा अर्थलाई अङ्गीकार गरेको छ, संसार र सामान्य जनता । साधारणतया लोक शब्द पदभन्दा अगाडि रहेर आएमा यसले जनता वा मानिसहरूको समूह भन्ने अर्थ प्रदान गर्छ । जस्तै: लोकलाज, लोकजीवन आदि । पदपछाडि आएमा स्थान वा जगत्लाई बुझाउने गर्छ । जस्तै: भूलोक, स्वर्गलोक आदि । यसर्थ, लोकगीतको सन्दर्भमा लोक शब्दले जनता वा मानिसहरू भन्ने अर्थ दिएको छ । यसर्थ, लोकगीतको अर्थ स्थानीय जनताद्वारा गाइँदै आएको गीत भन्ने हुन्छ । यो मौखिक रूपमा एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुन्छ ।

काठमाडौँ जिल्लाको विशेषगरी काँठ क्षेत्रतिर छरिएर रहेका प्रसिद्ध बाह्रमासे गीतमध्ये घाँसेगीत पनि एक हो । बाह्रमासे अन्य गीतहरूको तुलनामा यो घाँसेगीतको प्रभाव बढी मात्रामा रहेको पाइन्छ । घाँसदाउरा, मेलापात आदि दैनिक कार्यहरू गर्दागर्दै सहज रूपमा घाँसेगीत गाइने गरिन्छ ।

यस गीतमा तालबाजाहरूको प्रयोग गरिँदैन । अवस्थाअनुकूल रहेको बेला सारङ्गीसम्मको प्रयोग भए पनि मूलत: यो बाजारहित लोकगीत हो ।

घाँसेगीत विशेषगरी केटा र केटीका समूहबीच दोहोरीका रूपमा गाउने गरिन्छ भने केटा-केटा वा केटी-केटीहरूकै एक समूहमा पनि गाउने गरिन्छ । घाँसेगीतलाई 'असारे भाका' तथा 'रसिया गीत' भन्ने गरिए पनि पछिल्ला दुई नामका गीतभन्दा घाँसेगीतमा केही अन्तर रहेको कारण यसलाई घाँसेगीत भनिनु नै उपयुक्त हुन्छ ।

## १.४ समस्याकथन

प्रस्तुत शोध निम्न समस्यामा केन्द्रित रहेको छः–

क) काठमाडौँ मा के-कति घाँसेगीतहरू छरिएर रहेका छन् ?

ख) सङ्कलित गीतहरूलाई के-कस्ता आधारमा वर्गीकरण गर्न सकिन्छ ?

ग) के-कस्ता माध्यमको प्रयोग गरी तिनीहरूको विश्लेषण गर्न सकिन्छ ?

घ) बाह्य संस्कृतिबाट सबैभन्दा बढी प्रभावित यस क्षेत्रमा सङ्कलित लोकगीतहरूको जगेर्ना कसरी गर्ने ?

## १.५ शोधको उद्देश्य

क) प्रस्तुत शोधपत्रमा काठमाडौँ मा छरिएर रहेका घाँसेगीतहरूको सङ्कलन गरिएको छ ।

ख) सङ्कलित लोकगीतहरूलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ ।

ग) विभिन्न माध्यम (शब्दशक्ति, रस, संरचना ...) को प्रयोग गरी तिनीहरूको विश्लेषण गरिएको छ ।

घ) विभिन्न उपायद्वारा सङ्कलित गीतहरूको जगेर्नासम्बन्धी विश्लेषण गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

'घाँसेगीत' मात्रको अध्ययन विश्लेषण यस अघि भएको नदेखिए पनि सामान्य वा बाह्रमासे नेपाली लोकगीतको अध्ययन विश्लेषणमा घाँसेगीतको बारेमा सामान्य टिप्पणी दिने गरिएको छ । पुस्तकमा भन्दा पनि शोधपत्रहरूमा घाँसेगीतको चर्चा केही बढी पाइने गरिएको छ ।

क) शोधार्थी अम्बिकाप्रसाद डाँगीले आफ्नो शोधपत्र "रुकुमेली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण" २०६२ मा बाह्रमासे नेपाली लोकगीतअन्तर्गत घाँसेगीतको सामान्य चर्चा गरेका छन् ।

ख) दिलीपकुमार काफ्लेले आफ्नो शोधपत्र "नेपाली लोकसाहित्यको अनुसन्धान परम्परा" २०५८ मा 'घँसिया गीत" भनी सामान्य चर्चा गरेका छन् ।

## १.७ प्राक्कल्पना

बाह्रमासे लोकगीतअन्तर्गत पर्ने 'घाँसेगीत' काठमाडौँ को काँठ क्षेत्रमा लोप हुने अवस्थामा रहेका छन् । परम्परित ठेट भाकाका मीठा लोकगीतहरूमध्ये यो पनि भएकाले यसको संरक्षण गर्दै लोकप्रियतामा बृद्धि गर्न सकिन्छ ।

## १.८ शोधकार्यको औचित्य

बाह्य देशको संस्कृतिबाट सबैभन्दा धेरै छिटो प्रभावित हुने क्षेत्र काठमाडौँ उपत्यका हो । जब देशको संस्कृतिको जगेर्ना गर्ने, सम्बर्द्धन गर्ने कुरा हुन्छ, त्यतिखेर हाम्रो संस्कृति-रीतिरिवाज भनेर दुर्गम ग्रामीण क्षेत्रका रहनसहन आदिको मात्र कुरा आउँछ । यसरी दोहोरो रूपमा बेवास्तामा परेको काठमाडौँ का घाँसेगीतको अध्ययन, सङ्कलनबाट यहाँको रीतिस्थिति, चालचलन, भेषभुषालगायत सामाजिक गतिविधिको पनि प्रत्यक्ष-परोक्ष रूपमा अध्ययन हुने र यसपछिका अध्येता आदिलाई पनि लाभ मिल्न सक्नेमा यसको महत्त्व त रहने नै छ, लोकसङ्गीतको पक्षमा कार्य गर्दै रहनुभएका सम्बन्धित व्यक्तित्वहरूलाई पनि लाभ दिन सक्नुमा यस शोधकार्यको औचित्य हुनेछ ।

## १.९ शोधकार्यको सीमाङ्कन

लोकगीत नेपाल अधिराज्यभरि गाइन्छन् । तर यहाँ काठमाडौँ जिल्लाको र त्यसमा पनि नेपाली भाषाका बाह्रमासे वा समान्य वर्गमा पर्ने घाँसेगीतको मात्र अध्ययन गरिएकोछ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्यको सैद्धान्तिक अध्ययनको लागि पुस्तकालयीय पद्धतिबाट सामाग्री सङ्कलन गरिएको छ भने लोकगीतको सङ्कलनको क्रममा स्थलगत रूपमा भ्रमण गरी टेपरेकर्डर आदिद्वारा लोकगीतको सामाग्री सङ्कलन गरिएको छ । लोकगीतका स्थानीय कलाकार, लोकविद् आदिसँग सल्लाहसुझाव पनि लिइएकोछ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

परिच्छेद एक : शोधपत्रको परिचय

परिच्छेद दुई : काठमाडौँ जिल्लाको सामान्य परिचय

परिच्छेद तीन : लोकगीतको सैद्धान्तिक परिचय

परिच्छेद चार : काठमाडौँ जिल्लाका घाँसेगीतको सङ्कलन

परिच्छेद पाँच : काठमाडौँ जिल्लाका घाँसेगीतको वर्गीकरण र विश्लेषण

परिच्छेद छ : उपसंहार (मूल्याङ्कनात्मक निष्कर्ष)

सन्दर्भसूची

# परिच्छेद दुई

## काठमाडौँ जिल्लाको सामान्य परिचय

### २.१ ऐतिहासिक परिचय

प्राचीन समयमा हालको काठमाडौँ उपत्यका एउटा विशाल पोखरीको रूपमा रहेको थियो । किम्बदन्तिअनुसार मञ्जुश्री चीनबाट यहाँ आई उपत्यकाको चोभारस्थित डाँडामा खड्गको प्रहारबाट निकास बनाई सम्पूर्ण उपत्यकाको पानी त्यहीँबाट बाहिर निकालिदिए । केही समयपश्चात् यहाँ विभिन्न ठाउँबाट मानिसहरू बसाइँ सरी स्थायीरूपमा रहन थाले र बस्तीको निर्माण हुँदै गयो र सहरको स्थापना भयो । यसमा सत्यताको मात्रा जे जति भए पनि यो काठमाडौँ खाल्डोको मलिलो माटो इत्यादिबाट यहाँ धेरै समय पहिला विशाल पोखरीचाहिँ थियो भन्ने कुरा वैज्ञानिक अनुसन्धानबाट पनि अनुमान गरिएको छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नु अगाडिसम्म नेपाल भनेर काठमाडौँ उपत्यकालाई चिनिन्थ्यो । एउटा सभ्य समाजको स्थापना भइसकेपछि क्रमशः यहाँ महिषपाल, गोपालवंशी, किराँतीहरूले शासन गर्न थाले । लिच्छिवी राजाहरूको समयावधिमा यहाँ कला-संस्कृति आदिको निकै विकास भयो । व्यवस्थित शासन व्यवस्था यही बेलादेखि आरम्भ भयो । लिच्छिवीकालपछि काठमाडौँमा मल्लकाल सुरु भयो । प्रशासनिक दृष्टिकोणमा यो समयलाई महत्त्वपूर्ण मानिन्छ । राज्यको सर्वोच्च पदाधिकारीमा राजा नै थिए । ललितकलाको दृष्टिकोणले यो समयावधिलाई स्वर्णयुग मानिन्छ । यसै समयका राजा यक्ष मल्लको निधन (वि.सं. १५३९) पश्चात् काठमाडौँ उपत्यका तीन टुक्रामा विभाजन भयो र उनका तीन छोराहरूले क्रमशः कान्तिपुर (काठमाडौँ), भक्तपुर (भादगाउँ) र ललितपुर (पाटन) मा आ-आफ्नो राज्य स्थापना गरे ।

गोर्खाका शाहवंशीय राजा पृथ्वीनारायण शाहले एकीकरण गर्नुअघिसम्म उपत्यकामा तीन स्वतन्त्र राज्यहरू थिए । एकीकरणपश्चात् काठमाडौँ स्वतन्त्र राज्यबाट सम्पूर्ण एकीकृत नेपालको राजधानीको रूपमा स्थापित भयो । राजदरबार, मन्त्रालयहरू, संसद्, सर्वोच्च अदालतलगायत राज्यका सम्पूर्ण अङ्गहरू हाल काठमाडौँ मा नै अवस्थित छन् र यहीँबाट सम्पूर्ण राज्यको शासनको बागडोर सम्हालिन्छ ।

### २.२ भौगोलिक परिचय

नेपालका पाँच विकास क्षेत्रमध्ये मध्यमाञ्चल विकास क्षेत्रको वाग्मती अञ्चलको एक जिल्ला तथा देशकै राजधानीको रूपमा काठमाडौँ जिल्लालाई चिनिन्छ । यसको क्षेत्रफल ३९५ वर्ग

कि.मि. छ । पूर्वमा भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लाको केही भाग, पश्चिममा धादिङ जिल्ला, उत्तरमा नुवाकोट जिल्ला र दक्षिणमा ललितपुर जिल्लाबाट काठमाडौँ घेरिएको छ ।

५९ वटा स्थानीय क्षेत्रमा बाँडिएको काठमाडौँमा ५७ वटा गा.वि.स. र दुईवटा नगरपालिका छन् । दुईवटा नगरपालिकामध्ये एउटा काठमाडौँ महानगरपालिका र कीर्तिपुर नगरपालिका हुन् ।

काठमाडौँको पूर्वी-दक्षिणी क्षेत्रमा भक्तपुर र ललितपुर जिल्ला भए पनि उत्तर-पश्चिमी क्षेत्रमा शिवपुरीलगायत् ठूला-ठूला हरिया डाँडाहरूले घेरेका छन् ।

## २.३ सामाजिक परिचय

काठमाडौँमा मल्लकालदेखि नै स्थायी रूपमा बसोबास गर्दै आएका नेवार समुदायहरू हुन् । त्यसैले काठमाडौँ को मुख्य सांस्कृतिक रहन-सहन भनेको नेवारी संस्कृति नै हो । तर देशकै राजधानी भएकोले र उच्च शिक्षा, रोजगारीलगायत सबैखाले अवसरको लागि यहीं नै आउनु पर्ने बाध्यात्मक परिस्थितिले देशका अन्य क्षेत्रबाट भिन्न-भिन्न जाति-संस्कृतिका मानिसहरू पनि बसाँईसरी यहीं आउने क्रम व्यापक भएबाट हाल यहाँको सामाजिक अवस्था बहु-भाषिक, बहु-जातीय बसोवास स्थलको रूपमा छ । यहाँ चार वर्ण छत्तीस जातका मानिसहरूको बसोबास छ । त्यसैले यहाँको सामाजिक संरचना मिश्रित अवस्थाको छ ।

यहाँको मुख्य पर्यटकीय स्थलहरूमा स्वयम्भू, पशुपतिनाथ, वसन्तपुर दरबार, ठमेल, नगरकोट आदि रहेका छन् भने काँठ क्षेत्रका ग्रामीण इलाकाहरूमा पनि भ्रमण गर्न योग्य प्राकृतिक दृश्यावलीहरू प्रशस्तै रहेका छन् ।

काठमाडौँ अन्तर्राष्ट्रिय गतिविधिबाट बढी प्रभावित हुने शहर हो भने यहीँ काठमाडौँ को चक्रपथबाहिर करिब एक घण्टा हिँडेर जाँदा दुर्गम ग्रामीण क्षेत्रजस्तै लाग्ने गा.वि.सहरू पनि छन् । यहाँ जनैपूर्णिमा, तीज आदि पनि मनाइन्छ भने १४ फेब्रुअरी, मायालु दिवस, क्रिसमस आदि पनि मनाइन्छ । यसरी यहाँ दोहोरो वा सङ्क्रमित विशेषताहरू पाइन्छन् ।

काठमाडौँ उपत्यकामा नेपालका राष्ट्रिय चाड, स्थानीय चाड र अन्तर्राष्ट्रिय जगत्मा मनाइने क्रिसमस, भ्यालेन्टाइन डे, इद आदि चाडहरू पनि मनाइन्छन् । यसबाहेक विभिन्न जातजातिले आ-आफ्ना समुदायका चाडहरू ल्होसार, छठ, साकेलासिली, माघी आदिजस्ता धार्मिक सांस्कृतिक महत्त्वका चाड मनाउँछन् ।

## २.४ धार्मिक परिचय

मन्दिरै मन्दिरको सहरको रूपमा पनि काठमाडौ चिनिन्छ । हिन्दू धर्मावलम्बीका लागि पशुपतिनाथ, बुढानिलकण्ठ, दक्षिणकाली आदि प्रमुख मन्दिरहरू छन् । बौद्ध धर्मावलम्बीहरूका लागि स्वयम्भू, बौद्ध, कपन गुम्बा आदि प्रमुख छन् । क्रिश्चियन धर्मावलम्बीहरूका लागि जावलाखेल, महाराजगञ्ज आदि ठाउँमा गिर्जाघरहरू रहेका छन् । मुस्लिम धर्मावलम्बीहरूको मुख्य धार्मिक आस्थाको रूपमा घण्टाघरमा अवस्थित जामे मस्जिद रहेको छ । यसरी हाल काठमाडौंमा सबै किसिमका धर्मावलम्बीहरूको मिश्रित बसोबास रहिआएको पाइन्छ ।

## २.५ निष्कर्ष

कुनैबेला पानीको विशाल दहका रुपमा रहेको काठमाडौँ पानीको निकास भएपछि उर्बर स्थलको रूपमा रहन गयो मानिसहरू खेतीपाती गर्दै स्थायीरूपमा यहाँ बस्ने थाले विभिन्न वंशका राजाहरुले स्वतन्त्र राज्यको रुपमा काठमाडौंमा शासन गरे । लिच्छवीकालीन राजा यक्ष मल्लको निधनपछि उनका तीन छोराहरूले यसलाई तीनवटा छुट्टाछुट्टै राज्यमा टुक्र्याएपछि कान्तिपुर, भक्तपुर र ललितपुर गरी तीन राज्यको स्थापना भयो र काठमाडौँ एउटा छुट्टै राज्यको रूपमा स्थापित भयो ।

पृथ्वीनारायण शाहको एकीकरण अभियानपश्चात् एउटा विशाल राज्य नेपालको स्थापनापछि काठमाडौँ जिल्ला देशको राजधानीको रूपमा रह्यो । ३९५ वर्ग कि.मि.क्षेत्रफल भएको काठमाडौँमा २ वटा नगरपालिका र ५७ वटा गाउँ विकास समिति रहेका छन् ।

काठमाडौँका स्थानीयवासिन्दाका रूपमा नेवार समुदाय भए पनि राजधानी र देशकै सबैभन्दा ठूलो सहर भएकोले काठमाडौँमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका विभिन्न जाति, धार्मिक समुदायका मानिसहरुको मिश्रितरूपमा बसोबास हुँदै आएको छ । मूलरुपमा हिन्दू धर्मप्रति बढी श्रद्धा भए पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय विभिन्न चाडपर्व र विभिन्न दिवसहरु पनि मनाइने हुनाले यहाँको साँस्कृतिक वातावरण पनि मिश्रितरुपमा रहेको छ ।

# परिच्छेद तीन

## लोकगीतको सैद्धान्तिक परिचय

### ३.१ लोकसाहित्य

परम्परादेखि अलिखित रूपमा एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको आलङ्कारिक सिर्जनालाई लोकसाहित्य भनिन्छ । यहाँ दुई शब्द 'लोक' र 'साहित्य'को प्रयोग भएको छ । 'लोक' शब्दले स्थान, धरातल अथवा धरातलमा बास गर्ने मानवसमुदाय बुझाउँछ भने 'साहित्य' शब्दले जीवनजगत्को हित गर्ने सिर्जनालाई बुझाउँछ । यसर्थ, लोकसाहित्यको सीधा परिभाषा लोकको हित गर्ने सिर्जनशील अभिव्यक्ति भन्ने हुन्छ । "लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानवमुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो ।"[१]

अनादिकालदेखि लोकसाहित्य अलिखित रूपमा मौखिक परम्परामा बहँदै आइरहेको छ । स्मृतिको भरमा एक पुस्ताबाट अर्को पुस्तामा आउन सक्नुले यसभित्र सरलता र श्रुतिमाधुर्य प्रशस्त छ भन्ने कुरालाई बुझिन्छ ।

लोकसाहित्यको सिर्जना कुनै एक सर्जकबाटै हुने भए पनि यो **एक कान, दुई कान, मैदान** भनेझैं वैयक्तिकताबाट सामूहिकतातर्फ उन्मुख हुन्छ । लामो मौखिक प्रवाहमा प्रभावित हुँदै आएकाले व्यक्ति पनि त्यही प्रवाहमा विलीन हुन्छ । त्यसैले लोकसाहित्यमा निर्वैयक्तिकता प्रमुख रूपमा रहन्छ । व्यक्ति गौण र सामूहिकता प्रबल रहन्छ । यसर्थ 'वेद' लाई जस्तै लोकसाहित्यलाई पनि **अपौरुषेय** मानिन्छ । नेपाली बृहत् शब्दकोशमा लेखिएको छ, **सर्वसाधारण जनताको कोमल मनोभावनालाई व्यक्त गर्ने सरल भाव र सरल भाषा भएको, विभिन्न चाडपर्व तथा मनोरञ्जनका समयमा प्रसङ्गानुकूल गाइने, सुनाइने वा देखाइने लोकव्यवहारमा प्रचलित विभिन्न लोकगीत, लोकनृत्य आदिले युक्त साहित्य नै लोकसाहित्य हो** ।

मानवजातिले भाषा प्राप्त गरेका समयदेखिको यसको इतिहास भएकाले यो एउटा यस्तो विशाल वृक्ष हो जसका जरा धरातलको अनन्त गहिराइभित्र छन् ।

यो अलिखित साहित्य भएकाले एउटै कुराको पनि व्यक्ति, समय, उमेर आदिका कारणले भिन्न-भिन्न अभिव्यक्ति भइरहँदा यसमा गतिशीलता रहन्छ । यो परिवर्तनशील हुन्छ । लिखित साहित्यमा प्रकाशनका कारणले सधैं एकरूपता हुन्छ तर लोकसाहित्यमा माथि

---

[१] कृष्णविलास पौड्याल, नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,२०६०, नवीन प्रकाशन, भोटाहिटी, पृ. ४ ।

भनिएका विभिन्न कारणले भिन्नता आइरहन्छ । एउटै लोककथा पनि सुनाउने व्यक्तिको प्रतिभा, उसको मानसिक-शारीरिक अवस्था आदिमा भर पर्ने गर्छ ।

श्रुति वा मौखिक परम्परामा रहनु, सरल र सरस हुनु, इतिहासका विविध पाटालाई प्रत्यक्ष-परोक्ष रूपमा अपनाउनु, अलिखित हुनु, परिर्वतनशील हुनु, रचनाकार गौण भई रचना प्रधान रहनु जस्ता विशेषतालाई लोकसाहित्यले वरण गरेको हुन्छ । शिवकुमार राईका अनुसार "लोकसाहित्यको सृजना कुनै विशेष व्यक्तिद्वारा भएन ... परम्परादेखि बाजेले बाबुलाई, बाबुले छोरालाई, छोराले नातिलाई भनेर आएका छन् ... त्यसकारण लोकसाहित्य छापामा किचिएर बसेको छैन तर कानका सहायताले स्मृतिको जालोमा बुनिएर जीवित रहेर आएको छ ।"[२]

जसरी लिखित साहित्यका विभिन्न विधा-उपविधाहरू छन् । यसको जननी लोकसाहित्य भएका कारणले यसका पनि विभिन्न विधाहरू छन् । लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा, उखान-टुक्का गरी यसलाई ६ भागमा वर्गीकरण गरिएको छ ।

## ३.१.१ लोकगीत

लोकबाट निर्माण गरिएको गीत नै लोकगीत हो । लोकबाजाहरूको प्रयोग गरेर लोकगीत गाइन्छ । कुनै गीत नृत्यप्रधान हुन्छ भने कुनै नृत्यरहित, गायनका माध्यमद्वारा मानिसहरूले आफ्नो दुःख-सुख, पीर-मार्काहरूको अभिव्यक्त गर्न थालेपछि लोकगीतको जन्म भएको हो । लोकगीत हरेक देशमा आ-आफ्नै प्रकारका हुन्छन् । त्यसैगरी एउटै देशमा पनि त्यहाँको भौगोलिक संरचना, सामाजिक विभिन्नता, जाति र भाषाअनुसार फरक हुने गर्छ । लोककवितालाई पनि लोकगीतअन्तर्गत अध्ययन गर्न सकिन्छ ।

### ३.१.२ लोककथा

मानिसले आफ्नो अभिव्यक्तिको माध्यम कथ्य भाषालाई बनाएदेखि नै आफूले देखेका नदी-नाला, पहाड-पर्वत, पृथ्वी-आकाश आदिका बारेमा उठेका जिज्ञासा र त्यसका काल्पनिक समाधानजस्ता क्रियाकलापबाट लोककथाको जन्म भएको हो । विभिन्न धार्मिक तथा दन्त्य कथाहरू यसकै उपज हुन् । पछि-पछि विभिन्न सामाजिक विषयवस्तुमा आधारित लोककथाहरू आउन थाले ।

[२] चूडामणि बन्धु, नेपाली लोकसाहित्य,२०५८, एकता बुक्स, थापाथली, पृ.११

### ३.१.३ लोकगाथा

विस्तृत कथाले भरिएको लोकगीतलाई नै लोकगाथा भनिन्छ । यसको अभिव्यक्ति गायनबाटै हुन्छ, तर यसमा ऐतिहासिक, राजनैतिक, सामाजिक कथाहरू समाविष्ट हुन्छन् । यसलाई लोककाव्य, आख्यानगीत आदिबाट पनि चिनिन्छ ।

### ३.१.४ लोकनाटक

विभिन्न उत्सव, मेला, अनुष्ठान आदि अवसरहरूमा गायनको ताल-सुरमा आफ्नो शारीरिक हावभावको प्रदर्शन गर्दै अभिनय गरी मनोरञ्जन गरिने लोकसाहित्यको एक विधा विशेष लोकनाटक हो । यसलाई शास्त्रीय सिँगार-पटार आदिको आवश्यकता पर्दैन । यसलाई मञ्चको आवश्यकता पर्दैन । खुल्ला चउर, आँगन आदि स्थानमा नै सहज रूपबाट प्रदर्शन गर्न सकिन्छ । नेपाली लोकनाटकमा लोकसंगीतको अत्यन्त ठूलो प्रभाव रहँदै आएको छ । लोकनाटकको प्रदर्शन लोकगीत गाउँदै नृत्य गर्दै गर्ने गरिन्छ ।

### ३.१.५ गाउँखाने कथा

लोकसाहित्यको लोकप्रिय विधाका रूपमा गाउँखाने कथा रहँदै आएको छ । यहाँ वक्ताले श्रोतालाई कुनै वस्तुविशेषको बारेमा विभिन्न सङ्केत गर्दै सूक्ष्मात्मक रूपमा प्रश्न गर्छ । श्रोताले तिनै सूक्ष्म सङ्केतहरूका आधारमा सम्बन्धित कुराको पत्ता लगाउने कोशिस गर्छ । यदि यसमा सफल नभएमा वक्ता वा प्रश्नकर्तालाई हर्जानास्वरूप कुनै गाउँ दिनुपर्ने हुन्छ । अनि बल्ल वक्ताले अड्को फुकाउँदै सम्बन्धित कुरा भनिदिन्छ । श्रोतालाई पनि त्यतिखेर ‘ए हो त’ भन्ने लाग्छ र रोमाञ्चित हुन्छ । यसै भएर यसलाई गाउँखाने कथा भनिएको हो । यो बुद्धिविलासको रूपमा परम्परादेखि लोकप्रिय हुँदै आएको छ । यसले एकातिर कल्पनाशीलताको विकास गरी प्रतिभालाई अझ बढी प्रस्फुटन गराउँछ भने मनोरञ्जन पनि प्रदान गर्छ । “अनुभूति र कल्पनाका सुनौला पङ्ख फर्फराउँदै लोकजिन्दगी गाउँछ, खेल्छ, नाच्छ, रमाउँछ - गाउँखाने कथा यसै क्रमको एउटा रमाइलो रूप हो नेपाली लोकसाहित्यमा ।”[३]

### ३.१.६ उखान-टुक्का

थोरै शब्दावलीहरूको प्रयोगबाट व्यापक परिवेशलाई बुझाउने सूक्ष्म अभिव्यक्ति नै उखान र टुक्का हुन् । सभ्यताको लामो अनुभवपछि मानवीय स्वभाव र व्यवहारलाई राम्ररी पचाएर उखान-टुक्काको निर्माण हुने भएकाले यो प्रखर र परिमार्जित हुन्छ ।

---

[३] कृष्णप्रसाद पराजुली, ‘नेपाली लोकगीतको आलोक’ २०२७, विणा प्रकाशन प्रा.ली., २०५७, पृ. ५९ ।

उखानको अभिव्यक्ति प्रायः वाक्यस्तरमा हुने गर्छ । लामो व्याख्या गर्नुपर्ने ठाउँमा पनि एउटा उखानको प्रयोग नै पर्याप्त र प्रभावकारी हुने गर्छ । आफ्ना कमजोरीहरूलाई लुकाउँदै, फूर्ति लगाउँदै आकाशपाताल एक गरी देखावटी गफ गर्ने व्यक्तिलाई **नमच्चिने पिङको सय झट्का** अथवा **जुन गोरुको सिङ छैन, त्यसकै नाम तिखे** भन्ने उखानले मुखमा बुझो लगाइदिन्छ ।

टुक्का सारगर्भित पदावली हुन् । यसले भन्नुपर्ने कुरालाई छोटोछरितो र रोचक बनाइदिन्छ । **माटो खानु** भन्ने टुक्काले **मरेको** भन्ने बुझाउँछ । एउटै टुक्काले पनि प्रसङ्गअनुसार फरक अर्थ दिन सक्छ । **आँखा लाग्नु** भन्ने टुक्काले **चोखे लाग्नु, एकछिन निदाउनु** आदि अर्थ दिन्छ ।

## ३.२ लोकगीतको परिचय

मानव सभ्यताको विकासक्रममा भाषाभन्दाअगाडि नै मानिसहरूले विभिन्न ध्वनिको प्रयोग गर्दै आफ्ना अनुभूतिलाई मोटामोटी रूपमा प्रस्तुत गर्ने गर्थे । त्यसै बेलादेखि नै उल्लासमय अवस्थामा नाच्दै, उफ्रिँदै सुमधुर ध्वनि निकाल्दै आफ्नो खुशी, करुणा आदि भाव प्रदर्शन गर्ने गर्थे । मानिसमा साङ्गीतिक चेत त्यति बेलादेखि नै फस्टाए पनि कथ्यभाषाको प्राप्तिसँगै लोकगीतको उदय भएको मान्न सकिन्छ ।

'गै' धातुमा 'क्त' प्रत्यय लागि 'गीत' शब्द बनेको हो भने 'लोक' र 'गीत' दुई शब्दको योगबाट 'लोकगीत' शब्द बनेको छ । लोकले सामान्य जनता भन्ने बुझाउँछ भने 'गीत'ले मानवीय भावनाका अति कोमल अभिव्यक्तिलाई लयात्मक रूपमा पस्तुत गर्ने भाषिक अभिव्यक्ति भन्ने बुझाउँछ । यसरी हेर्दा लोकगीतको सामान्य अर्थ सामान्य जनताले आफ्ना मनका उब्जिएका विविध भावनाहरूलाई सुमधुर ध्वनिको माध्यमबाट गरिएको लयात्मक अभिव्यक्ति भन्ने बुझिन्छ । आफू बसेको समाज, जाति-भाषा, संस्कृति, सामाजिक चेतनाको स्तर आदिका आधारमा लोकगीतहरू पनि फरक-फरक हुने गर्छन् ।

लोकगीतको महत्त्वलाई राल्फ भी. विलियमको अभिव्यक्तिले राम्रोसँग प्रस्तुत गरेको छ, "लोकगीत न नयाँ हुन्छ न पुरानो । लोकगीत त त्यो अरण्यवृक्ष जस्तै हो जसका जरा भुइँमा भित्रैसम्म गाडिएका हुन्छन् । अनि तिनका हाँगामा निरन्तर हरिया पात लाग्छन्, पालुवा चढ्छन् र फल उब्जन्छन् ।"[४]

मानिस स्वभावैले गीत-सङ्गीतबाट प्रभावित हुने प्राणी हो । यही कारणले गर्दा लोकसाहित्यका विभिन्न विधाहरूमध्ये सर्वप्रिय विधाको रूपमा लोकगीत रहेको छ ।

---

४ चूडामणि, बन्धु "नेपाली लोकसाहित्य"२०५८, एकता बुक्स, थापाथली, पृ. ११२ ।

### ३.२.१ लोकगीतका विशेषता

नेपाली लोकसाहित्यको सर्वाधिक लोकप्रिय विधा लोकगीत हुनुको कारण लोकगीतमा रहेका विभिन्न विशेषताहरू नै हुन् । नेपाली लोकगीतको विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ ।

#### ३.२.१.१ मौखिक परम्परा

लोकगीत परम्परादेखि नै एक पुस्तादेखि अर्को पुस्ता हुँदै मौखिक परम्परामा हस्तान्तरित हुँदै आएको छ । यसलाई श्रुतिपरम्परा पनि भन्ने गरिएको छ । सुमधुरता र सहजताको कारणले पछिल्ला पुस्ताहरूले खुसीसाथ वरण गर्ने भएकाले स्वतःफूर्त रूपमा यो पुस्तौँपुस्ता अलिखित रूपमै सर्दै जान्छ ।

#### ३.२.१.२ सामूहिकता

लोकगीतको अर्को प्रमुख विशेषतामा सामूहिकतालाई लिन सकिन्छ । लोकगीतको प्रकृति नै थोपा-थोपाले घैला भरिएको जस्तो हुन्छ । यो प्राचीन समयदेखि निरन्तर रूपमा चल्दै आएको छ । व्यक्ति-व्यक्तिले त्यसमा रङ्ग भर्ने, सजाउने काम गर्छन् । व्यक्तिबाटै भएको रचनाविशेष पनि "एक कान, दुई कान, मैदान" हुँदै सामूहिकतामा जान्छ र परम्पराकै प्रवाहमा विलीन हुन्छ । त्यसैले यो निर्वैयक्तिक हुन्छ । यही विशेषताले गर्दा लोकगीतमा व्यक्तिका निजी आन्तरिक भावहरूलाई पनि प्रस्तुत गरिन्छ । यसले सम्पूर्ण श्रोताहरूलाई आफ्नो अनुभूतिसँग मेल खाएको भान हुन्छ ।

#### ३.२.१.३ सरल तथा सहज अभिव्यक्ति

लोकगीत सामान्य जनताको गीत भएकोले शास्त्रीय बन्धनबाट टाढा रहन्छ जसले गर्दा यो सरल हुने गर्छ । लामो समयदेखि स्थिर रहेको पोखरीको पानी कञ्चन भएझैं आदिम कालदेखि खारिँदै, संशोधन हुँदै आएको भएर लोकगीत सहज र सुरम्य हुने गर्छ । लोकव्यवहारमा प्रयोग हुने सामान्य बोलीचालीकै शब्दहरू लोकगीतमा प्रयोग हुने हुनाले जनस्तरमा सजिलै भिज्न सक्छ ।

#### ३.२.१.४ एकतामा अनेकता

लोकगीत भन्ने शब्दले समग्र राष्ट्रकै सम्पूर्ण लोकगीतको प्रतिनिधित्व गर्छ भने त्यस राष्ट्रभित्र रहेका विभिन्न जाति, भाषा, लिङ्ग, संस्कार आदिका आधारमा यसमा विविधता पनि पाइन्छ । एउटै राष्ट्रभित्रका यी विविध पक्षका विशेषतालाई मान्यता दिँदै यसले एकतामा अनेकताको सूत्रलाई सम्बोधन गर्छ । नेपाली लोकगीतभित्रै भाषाका आधारमा

मैथिली गीत, तामाङ सेलो, नेवारी लोकगीत, जातिका आधारमा मगर, राईहरूको बेठीगीत, चुड्कागीत आदि, लिङ्गका आधारमा स्त्रीजन्य गीत रत्यौली, भैली आदि, पुरुषजन्य गीतमा देउसी, बालुन आदि गाउने गरिन्छ । यसले विविधतालाई देखाउँछ ।

#### ३.२.१.५ संस्कृतिक र परम्पराको वाहक

लोकगीतहरूमा हाम्रो संस्कृति, परम्परा, चालचलन-रहनसहनको सुगन्ध रहेको हुन्छ । कर्खा, भारत आदि लोकगीतमा ऐतिहासिक विषयवस्तु, वीर-वीराङ्गनाहरूको स्तुति, प्रशंसा आदि भएको पाइन्छ । लोकगीतमा प्रयुक्त शब्दावली, गायनशैली इत्यादिमा आधुनिक सभ्यताको नाममा बनाएको कृत्रिम समाजको नभई ग्रामीण समाज र प्राकृतिक जीवनशैलीको चित्रण पाइन्छ । वन-जङ्गल, डाँडा-काँडा, गाई-गोठ, पानी-पँधेरो, चाड-पर्व आदि कुराहरू नै लोकगीतमा देखिने गर्छ ।

#### ३.२.१.६ ऐतिहासिकता

लोकगीत प्राचीनकालदेखि नै पछिल्ला पुस्ताहरूमा हस्तान्तरित हुँदै आएकाले यसमा प्राचीन समयका विषयवस्तुलाई पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा समेट्दै आइरहेको हुन्छ । नब्बे सालको भुँइचालो, कृष्णभिरको पहिरो, बिफरको महामारी जस्ता घटनाका बारेमा पनि लोकगीतहरू पाइन्छन् । जङ्गबहादुरको क्रियाकलापलगायत राजारानीका विभिन्न पक्षका बारेमा पनि प्रत्यक्ष परोक्ष रूपमा लोकगीत बनाएर गाइएका छन् ।

## ३.३ नेपाली लोकगीतको वर्गीकरण

नेपाल कृषिप्रधान देश हो । लोकगीत सिर्जना हुने, फस्टाउने क्रियाकलाप ग्रामीण भू-भागमा नै अधिक हुन्छ । स्वाभाविक रूपमा हामीले भन्न सक्छौं नेपाली लोकगीतहरूको सङ्ख्या अत्याधिक छ । यी गीतहरू विभिन्न प्रकारका छन् । कुनै गीत चाड-पर्वमा गाइने खालका, कुनै खेतीपातीसम्बन्धी काम गर्दा गाइने खालका, कुनै गीतचाहिँ जुनसुकै समयमा गाए पनि हुने खालका छन् ।

डा. चूडामणि बन्धुले आफ्नो पुस्तक 'नेपाली लोकसाहित्य'मा सहभागिताका आधारमा, लय वा भाकाका आधारमा, प्रकार्यका आधारमा गरी तीन भागमा नेपाली लोकगीतको वर्गीकरण गरेका छन् । धर्मराज थापा र हंसपुरे सुवेदीले "नेपाली लोकसाहित्यको विवेचना" पुस्तकमा लोकगीतलाई सात भागमा वर्गीकरण गरेका छन् - (१) सामान्य गीत (२) संस्कार गीत (३) व्रतसम्बन्धी गीत (४) श्रमगीत (५) पर्वगीत (६) नृत्यगीत र (७) विविध ।

लोकगीतको गायन समयावधिका आधारमा नेपाली लोकगीतको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ – (१) सामान्य वा बाह्रमासे गीत र (२) विशेष गीत ।

(१) सामान्य वा बाह्रमासे गीत : चाडपर्व, संस्कार, श्रम आदि कुनै पनि कारणबाट अवरोध नहुने बाह्र महिनाको जुनसुकै समयमा पनि गाउन सकिने गीतलाई बाह्रमासे गीत वा सामान्य गीत भनिन्छ । आफ्ना मनका दुःख, सुख, आश्चर्य, क्रोध, आदिजस्ता भावनाहरूलाई अभिव्यक्त गर्न कुनै समयावधि वाधक नहुने भएकाले यस्ता भावप्रधान लोकगीतहरू सामान्य लोकगीतअन्तर्गत पर्दछन् ।

सामान्य गीतभित्र थुप्रै नेपाली लोकभाकाहरू पर्दछन् । चुड्का, ख्याली, दमाईगीत, भ्याउरे, घाँसेगीत आदिजस्ता प्रसिद्ध लोकगीतहरू सामान्य वा बाह्रमासे गीतअन्तर्गत पर्दछन् ।

यहाँ प्रयुक्त सामान्य भन्ने शब्दले 'त्यति राम्रा होइनन्' वा 'ठिकठिकैको' भन्ने अर्थ बुझाउन सके पनि यसको खास आशय चाहिँ "सामान्यतया", वा 'जहिले पनि' भन्ने हो । यसरी सामान्य र विशेष शब्दको प्रयोग खाली समयावधि बुझाउने प्रयोजनमा मात्र लिनुपर्ने हुन्छ ।

(२) विशेष गीत : कुनै खास चाड-पर्व, कामकाज आदिका समयमा मात्र गाइने गीतहरू विशेष गीत हुन् । यी गीतहरूलाई मुख्य तीन वर्गमा विभाजन गरेर हेरेमा अझ स्पष्ट हुन्छ ।

### ३.३.१ संस्कार गीत

जीवनदेखि मृत्युसम्मको समयावधिमा आइपर्ने विशेष अवसरहरू जसले मानिसको जीवनमा प्रभाव पार्छ भने त्यसलाई नै संस्कार भनिन्छ । यो मानिसको जीवनमा आउने विशेष मोड हो जसलाई विभिन्न कार्यक्रमद्वारा सम्पन्न गरिन्छ । हिन्दू धर्मानुसार छैठी, न्वारन, ब्रतबन्ध, विवाह आदि गरी १६ वटा संस्कारहरू प्रसिद्ध छन् । तिनै विशेष अवसरमा गाइने लोकगीतहरूलाई नै संस्कार गीत भनिन्छ । मङ्गल वा माँगल, रत्यौली आदि यसका उदाहरण हुन् । दुलही अन्माउँदा, नाक कान छेड्दा, मृत्युको दुःखद परिस्थितिमा यस्ता संस्कार गीतहरू गाउने गरिन्छ ।

### ३.३.२ चाड-पर्वगीत

आ-आफ्नो धर्म संस्कृतिअनुसार मानिसहरूले आ-आफ्नो ढङ्गले चाडपर्वहरू मनाउँदै आइरहेका हुन्छन् । नेपाली लोकगीतमा पनि चाड-पर्व विशेषमा गाइने प्रशस्त गीतहरू छन् । नेपालमा दशैं-तिहार, ल्होसार, तीज, फागु-पूर्णिमा आदिका अवसरमा देउसी-भैलो, फागु, भुओ, मालसिरी आदि लोकगीतहरू गाइने गरिन्छ ।

### ३.३.३ श्रमगीत

नेपाल कृषिप्रधान देश भएकोले विशेषतः कृषिसम्बन्धी श्रम नै हामीकहाँ बढी छ । श्रमको थकानलाई न्यूनीकरण गर्दै मनोरञ्जनपूर्ण वातावरणको लागि श्रमगीतहरू गाइने गरिन्छ ।

रोपाईं, दाइँ, खेतीपाती गोडमेल आदि काम गर्दा गीत गाउने प्रचलन नेपाली समाजमा लोकप्रिय छ ।

### ३.३.४ निष्कर्ष

लोकले सजिलै बुझ्न सक्ने सरल तथा कलात्मक अभिव्यक्तिलाई लोकसाहित्य भनिन्छ । लिखित साहित्यभन्दा भिन्न यो अलिखित रूपमा परम्परादेखि मौखिक रुपमा निरन्तर अगाडि बढ्दै आइरहेको छ ।

स्थानीय जनजीवनबाट प्रभावित हुँदै एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरित हुँदै आएको गीतहरू नै लोकगीत हुन् । लोकसाहित्यका विभिन्न विधाहरू मध्य लोकगीत एक सशक्त र सर्वप्रिय विधाको रूपमा स्थापित छ ।

रचनाकार अज्ञात हुनु, मौखिक परम्परामा अगाडि बढ्नु, विभिन्न थेगो, रहनी आदिको प्रयोग हुनु, सरल तथा सहज अभिव्यक्ति हुनु, ऐतिहासिक-साँस्कृतिक छाप रहनु, स्थानीय क्रियाकलाप तथा विभिन्न भाषाभाषीबाट प्रभावित हुनु आदि लोकगीतका विशेषताहरू हुन् ।

लोकगीतलाई सामान्य र विशिष्ट गरी दुई वर्गमा विभाजन गरिन्छ । बाह्रै महिना गाउन सकिने बाह्रमासे गीतहरू सामान्यगीत हुन् भने विभिन्न संस्कारमा, चाडपर्वमा आधारित गीतहरू र श्रमगर्दा गाइने गीतहरू विशिष्ट गीत हुन् ।

# परिच्छेद चार

## काठमाडौँ  जिल्लाको घाँसेगीतको सङ्कलन

घाँसेगीत पाइने मुख्य क्षेत्रहरूमा **काँठ** पनि भनिने काठमाण्डौ जिल्लाका सीमाक्षेत्रहरू पर्दछन् । बुढानिलकण्ठ, सुन्दरीजल, कीर्तिपुर, चोभार, मूलपानी, गोठाटार, थली आदि जस्ता ठाउँहरूमा अहिले पनि घाँसेगीतहरू विभिन्न अवसरहरूमा गाउने गरिन्छ । धान रोपाइँ गर्ने बेलामा वा मेलापात वा कुनै अवसरको भेटघाटमा घाँसेगीत गाइने गरिन्छ । यस्तै मौका पारेर ती काँठ क्षेत्रहरूमा गई यी घाँसेगीतहरू सङ्कलन गरिएका हुन् भने घाँसेगीत गाउन जान्ने बूढापाका, गायक आदि व्यक्तिहरूबाट आफ्नो प्रयोजन खुलाई सङ्कलन गरिएको छ । खुलामञ्चमा भएको **घाँसेगीत प्रतियोगिता** बाट पनि यहाँ सङ्कलन गरिएको छ ।

### लाग्यो असार मैना

केटा : लाग्यो असार मैना (भेटघाट छैन)[२] दर्शन पाउनै मुस्किल भो
मेलापातमा म ता (तिमी कता कता)[२] दर्शन पाउनै मुस्किल भो
जवानीको व्यथा (काली तिम्लाई केथा)[२] मनको मार्का बुझ्ने को
न त साथमा हुनु (सम्झी कति रुनु)[२] मनको मार्का बुझ्ने को

केटी : तीन सय साठ्ठी (राँगा बोका काटी)[२] क्या देवीले खाने भोग
धर्म हुन्छ भनी (यो कलीमा पनि)[२] क्या देवीले खाने भोग
लाको पनि देख्छु (खाको पनि देख्छु)[२] के मा लाग्यो यस्तो रोग
मायाको जाल (झट्टै भनि हाल)[२] के मा लाग्यो यस्तो रोग

केटा : पशुपति जाने (दै र च्यूरा खाने)[२] वनकालीमा ताप्ने घाम
सबले गर्छन् हेला (जाडो मईना बेला)[२] वनकालीमा ताप्ने घाम
संगैका साथी (जोडी लेर हिड्छन्)[२] आफू भने ठण्डाराम
आफ्नो भन्ने थेनन् (बाउले ब्या गर्देनन्)[२] आफू भने ठण्डाराम

केटी : सानुमा सानु (कुखुराको भाले)[२] क्या कर्दले रेट्नलाई
था छैन र ज्ञानी (यत्रो भएर नी)[२] क्या कर्दले रेट्नलाई
आजको दिनमा (छुट्यान भएपछि)[२] कैले आउँछौ भेट्नलाई
नेवारनी तता (पर्खीरन्छु म ता)[२] कैले आउँछौ भेट्नलाई

(स्रोतः दलबहादुर डंगोल, बालाजु बोहोराटार)

## पानीलाई पऱ्यो

केटा : पानीलाई पऱ्यो रिमी हैन झिमी हिवैं लाग्यो वर्षन
हामी पनि आको तिमी यतै भाको हिवैं लाग्यो वर्षन
नमरी बाँचे कान्छो कालले साँचे पाइँदो रैछ दर्शन
हितको हियाराको दिलको पियाराको पाइँदो रैछ दर्शन

केटी : पिरतीको गोला केके गर्छ होला अब आउने सालले
डबली वाईलाई कर्महारा चाइँलाई अब आउने सालले
दौडेर आको ठ्याक्कै भेट भाको नलगेर कालले
सबै स्वर्ग भए म चाइँ रहि गएँ नलगेर कालले

केटा : सिम्रिकको लाउँने सिरै बाटुलो गाजलैको लाउने कोश
म भन्छु फेरि त्यतैतिर हेरी गाजलैको लाउने कोश
सिउँदोमा सिन्दुर हो गलैमा पोते कैले पनि नटुटोस्
मुला उई चानाको हामी दुई जनाको कैले पनि नटुटोस्

केटी : लाई हाल्यो माया बसीहाल्यो प्रिती नछुटोस् है हाम्रो साथ
लाली कम्मर कस्छु पाए काखमै बस्छु नछुटोस् है हाम्रो साथ
पिरतीको गोला छुट्दैननी होला लागे दाइको आशीर्वाद
चारपाटे सिलाई राम्रो होला मिलाइ लागे दाइको आशीर्वाद

केटा : पर्वते भाषा भन्नै नजानेर दाइ भाषाले भन्छ कु
डोकाको काम्रो आहा कति राम्रो दाइ भाषाले भन्छ कु
पारेर सिन्की परान तिम्रो निम्ति देवीदेउता पुकारछु
नलीई घर जान्न खाँदा पनि खान्न देवी देउता पुकारछु

केटी : पूर्णेको जून मलाई तिम्रो हुन मनमा यति रहर भो
भनेर मैन यो खप्परमै छैन मनमा यति रहर भो
दैवले पुकार नसुनेर होला अर्काको सिन्दुर परि गो
तिमी भयौ वारि म चाइँ भएँ पारि अर्काको सिन्दुर परि गो

केटा : तेर्सोमा गाको सिमलीको हाँगो माउ चरीले टेकेर
तिम्रो आनीबानी था छ मलाई पनि माउ चरीले टेकेर
हे मेरो हीरा लाग्यौ अन्तैतिर दुःख पाको देखेर
वेइमानी नानी हिँड्यौ धनी छानी दुःख पाको देखेर

केटी : नेपाल भयो लाउर धनकै रै छ पाउर बाटो खने कपेर
था छैन र ज्ञानी त्यत्रो भएरनी बाटो खने कपेर
सबको भन्नु भैगो उमेर पुगी गैगो सकिन बस्न खपेर
धौले घरको ढलान यस्तै रैछ चलन सकिन बस्न खपेर

केटा : महादेवले लाउने विगुतको टीको पार्वतीले लाउने कोश
सालको पातले उनकै दाइने हातले पार्वतीले लाउने कोश
केराउलाई कची मलाई छाडेपछि बोटमा गेडै नलागोस्
चिलाउनेको सोइला जाँगएनी पोइल बोटमा गेडै नलागोस्

केटी : खोलाको ढुंगो हो टपक्कै टिपी भो चौतारी चिन्दिन
हे मेरो धन त्यसो नभनन टिपी भो चौतारी चिन्दिन
भेट हुँदैन कवै एउटा छोरो नभई मोटो माथि हिन्दिन
अन्त पनि धाउँछु बरु परमै लाउँछु मोटो माथि हिन्दिन

केटा : रानी र वनको हो चिरुवा दाउरा आर्यघाटमा जल्दैन
फलामे काल्छ ऐले उल्टो काल्छ आर्यघाटमा जल्दैन
भन्न त भन्यौ तर सानुमाया साझा खेती चल्दैन
घरमा होला लोग्ने नौ घान मकै ठोक्ने साझा खेती चल्दैन

केटी : नौतले घरको श्रृंगार गर्दै ल्याउँदा धौले घरको दलान
दिदीबैनी दोटी हेर्न जाने होकी धौले घरको दलान
खेती पनि चल्छ फल पनि फल्छ देखाई दिउँला चलन
माछाको सिली तिमीहामी मिली देखाई दिउँला चलन

केटा : धानमा लाग्ने हो पुतली चरी हो मकैमा लाग्ने घुन
हरिसिद्धि थैव म के गरुँ दैव हो मकैमा लाग्ने घुन
चित्त दुख्यो के मा नानी आफ्नो बेमा पोइल जाने यस्तै हुन्
कुखुराको भाले गाली गर्थे बाले पोइल जाने यस्तै हुन्

केटी : राजाले दिए भाइकाजीले पाए चुरे माइको बगर
जान्दिन म ता मन जान्छ कता चुरे माइको बगर
मैले जे नि गरें जता गए पनि चियो धेरै नगर
थुतुनोलाई कस होस् गरेर बस चियो धेरै नगर

केटा : चुरा पनि ल्याइन धागो पनि ल्याइन ऐले लाने बेउलीलाई
दामपैसा गन्या बिहे गऱ्यौ भन्या ऐले लाने बेउलीलाई

माउरीको रानी कति सम्भाइरने यस्ता उरन्ठेउलीलाई
जता वोल्टो कोल्टो उतै थाप्छन् पोल्टो यस्ता उरन्ठेउलीलाई

केटी : एकै र मुठी मसिनाको चामल कान्छो भाइको चिनालाई
त्यसो भन्या हो त यसो भन्या यो त कान्छो भाइको चिनालाई
आधा उमेर गैगो मर्ने बेला भैगो केलाई अर्ति दिनलाई
तिम्रो आनीबानी था छ मलाई पनि केलाई अर्ति दिनलाई

केटा : अहिलेको वर्ष बिहे गर्ने भन्छ साउकी छोरी नुखाको
है बैनी हेर लगन जुराएर साउकी छोरी नुखाको
तिमीलाई मैले क्यैनी भन्या थिन किन चित्त दुखाको
तिमी आफ्नै गाउँले भन्या थिन खाउँले किन चित्त दुखाको

केटी : फलामे भिरले यो कालेको पीरले भण्डै अन्त चलेको
जन्तरको टाटो त्यो बाइरोडको बाटो भण्डै अन्त चलेको
चरी आयो हा हा तिम्लाई छैन थाहा यो मन मेरो जलेको
चित्त मात्र मेरो काँ दुखेको होर यो मन मेरो जलेको

केटा : बाढी आयो हल गैगो तलतल लौरी नभई तरेछ
जानुपर्ने मेला आइरैछ भेल लौरी नभई तरेछ
तिम्ले पनि भन्यौ मैले पनि जाने व्यथा एउटै परेछ
न मेरो कोइछ तिम्रो मन नी रोइछ व्यथा एउटै परेछ

केटी : तिम्रो र हाम्रो भट्टै खबर ल्याउने चट्टै छिन्यो फोनको तार
लहरे धुपी माया अनरूपी चट्टै छिन्यो फोनको तार
तिम्रो हाम्रो व्यथा अरूलाई के था कसले गर्ला उपकार
आफ्नो भन्ने छैनन् केई गर्ने होइनन् कसले गर्ला उपकार

(स्रोत : दलबहादुर डंगोल, बालाजु बाहोराटार)

## तीन सय साठी

केटा : तीन सय साठी राँगा बोका काटी देवीलाई अर्पन
यी दुईलाई लेर हेर्न जाउँ भनेर देवीलाई अर्पन
नदेखेको भए यसै बुभ्थ्यो मन व्यर्थै पाइछु दर्शन
हितको हियाराको दिलको पियाराको व्यर्थै पाइछु दर्शन

केटी : यति सानो हिङ्गमा नमच्चिने पिङ्गमा किन हत्ते हालेको
सालको पातले मेरो परान घातले किन हत्ते हालेको

बुढेसकालमा पापी माया जालमा केल्लाई इज्जत फालेको
हविगती तेई हात् लाग्दैन केही केल्लाई इज्जत फालेको

केटा : ढाकाको टोपी दसा लाग्या होकी आइरेछ भूँडी सुन्नेर
लवली वाइको कर्महारा चाइको आइरेछ भूँडी सुन्नेर
गाईभैंसीको सिङ्गमा यो रोटेरी पिङ्गमा बस्न पाइयो झुण्डेर
गाई बान्ने गोठ हत्ते मात्रै हो त बस्न पाइयो झुण्डेर

केटी : एक पैसाको जीरो दुईपैसाको पिरो सिलौटामा पिनेर
एक बारको जुनी ऐसा मिठो हुने सिलौटामा पिनेर
गाईभैंसीको सिङ्ग मक्काएको पिङ्ग जाला फेरि छिनेर
यो जुनीलाई पर्ख नमान है हर्क जालानी फेरि छिनेर

केटा : उडेर आयो हावा जालको ठाँडो कैले बेसी कैले लेख
थाछैन ज्ञानी त्यत्रो भएरनी कैले बेसी कैले लेख
केराउलाई कछि मच्चिसकेपछि भैहाल्छनी दुईमा एक
छिनेर अनि के जान्थ्यो र नानी भैहाल्छनी दुईमा एक

केटी : यो वनको चरी कल्ले लग्यो हरी शून्य भयो वृन्दावन
चिरीबिरी छैन हर्क वडाइ रैन शून्य भयो वृन्दावन
आकासको तासे भुँइमा झर्दा खेरी रुदैन र याँ को मन
दूधको तर भन खर खर रुदैन र याँ को मन

केटा : बिगुले दाइले हो बिगुलै लाए धररामा बसेर
नहेरन यता यो मन आउँछ तेता धररामा बसेर
बाईर आउँदा खेरी हाँसीरन्छु म त रुन्छुभित्र बसेर
फलामे झिरले पापीनीको पीरले रुन्छुभित्र बसेर

केटी : आलु र तामा फूलको कोपिलामा भँमराले गर्छ झूँ ऽऽ
बाग्मती खोला रस लिनलाई होला भँमराले गर्छ झूँ ऽऽ
अमिलो सिन्की रुन्छौ के को निम्ति मनको कुरो बुझ्न म
रिसार हुन्न, भए केही छुन्न मनको कुरो बुझ्न म

केटा : भैरवीलाई भनी अछेता र पाती पस्पतिलाई बेलपत्र
जानेबेला भैगो मनको धोको रैगो पस्पतिलाई बेलपत्र
नेवारनी तता कुरो बुझेर त परिरैछु अलपत्र
मनको धोको रयो सबको भन्नु भयो परिरैछु अलपत्र

केटी : जीरामा हालौं मसलाले गालौं उई असारे गाभालाई
जान्दिन जाली उई दोऱ्याउन खाली उई असारे गाभालाई
घ्याम्पो जत्रो भुँडी बडाइरैछौ आज के भा छ र बाबालाई
बादलको घेरो रस लिएर मेरो के भा छ र बाबालाई

केटा : यहि भनेरत यता आको म त फूलको माला उनेर
भैरवलाइ पूजा लौ इशारा बुझ फूलको माला उनेर
माछाको भुरा यसै मनको कुरा के गर्नु र सुनार
लाको माया जोडी हिँडी हाल्यौ छोडी के गर्नु र सुनार

केटी : घाम र छायाँ मेरो सानु माया पाऱ्यौ आजसम्म
चाँदीको दाम हरे रामराम पाऱ्यौ आजसम्म
लौ न नी लौ न चित्त नदुखाउन हाल्याछु पानी जरामा
कस्तो बौलाएर आछौ मौलाएर हाल्याछु पानी जरामा

केटा : पाटन ललितपुरमा ठूला गजुरमा गर्छु दर्शन झुकेर
था छैन ज्ञानी त्यत्रो भएरनी गर्छु दर्शन झुकेर
यता सुन नानी खै हालेको पानी जरै गयो सुकेर
भन्न नजानेर झण्डै गाको खेर जरै गयो सुकेर

केटी : लाएको माया सितलु छ छाँया बेकारमा बौलार
के भन्न लागेँ दिल गरेर सुन बेकारमा बौलार
क्यै छिनको साथले मेरै आशीर्बात्ले आउँछ फेरि मौलार
लौ हिंड घराँ यो सुकेको जराँ आउँछ फेरि मौलार

केटा : नटिपौं भने टिपौं टिपौं लाग्छ सालघारीको सालको पात
डोकाको काम्रो आहा कति राम्रो सालघारीको सालको पात
आदि उमेर गैगो मर्ने बेला भैगो के लाग्ला र आशीर्बात्
गाँजल लाउने आँखा बादल लाग्न थाले के लाग्ला र आशीर्बात्

केटी : एउटा घर पूर्व एउटा घर त पश्चिम एउटा घर बोडेमा
वादलको घेरो धेरै घरबार मेरो एउटा घर बोडेमा
के गर्नु र बयान धेरै छ है चयन कान्छो कालले छोडेमा
नगर है दुःख यसै हुन्छ सुख कान्छो कालले छोडेमा

केटा : बाढी आयो हल गैगो तल तल लौरो नभई धाईरेछ
बुझकीरे नानी बुझ्यौ होला तनी लौरो नभई धाईरेछ
शंखमूलको पाटी खाली भयो भन्थे हिजै चिट्ठी आइरेछ
माछा मार्ने जालले के छोड्ला र कालले हिजै चिट्ठी आइरेछ

केटी : कल्ले गर्छ दया कल्ले गर्छ माया म विदेशी जातलाई
चाहे रुँदै गरुँ या दुःखमा मरुँ म विदेशी जातलाई
तिम्लाइ आको चिट्ठी मै बुझेर जाउँला जान दिन्न नाथलाई
सारी फाइवर ख्याल पो माया छ र जान दिन्न नाथलाई

केटा : चौबिसै पल्ट खटन पटन गर्ने धनकुटा र धरान
त्यसो भन्या हो त यसो भन्या पो त धनकुटा र धरान
सुकेको बाँसलाई यो मरेको लासलाई किन दिन्छौ परान
जे जे हुनु भैगो मनको धोको रैगो किन दिन्छौ परान

केटी : मिठो मा मिठो हो चामलको पिठो पँहेलो नी बेसार
डोकाको काम्रो आहा कति राम्रो पँहेलो नी बेसार
मेरो परानानाथ छुटो हुन्छ भने म बाँचेको के सार
मौरीको हो रानी बरु संगै जाने म बाँचेको के सार

केटा : रानी र वनको हो चिरुवा दाउरा आर्जेघाटमा पाउला र !
के भन्न आँटे दिल गरेर सुन आर्जेघाटमा पाउला र !
झलक्क हेर्दा भैरवजस्तो कालो संगै हिड्न स्वाउला र !
बुझकी ज्ञानी बुझ्यौ होला त नी संगै हिड्न स्वाउला र !

केटी : अरुसँग पनि मिठो बोल्यो भनी हेरन आँखा तरेको
दूधको तरले घ्याम्पे भूँडीहर्ले हेरन आँखा तरेको
बादलको घेरो यस्तै कर्म मेरो मेरै भागमा परेको
रेशमको डोरो भैरवजस्तो मोरो मेरै भागमा परेको

केटा : पुर्नेको जून राजालागे रुन रानी लागीन फुल्याउन
बाँसको चित्र नारानहिंटीभित्र रानी लागीन फुल्याउन
भागमा त अनि पारीथ्यौनी नानी सकिनौनी भुलाउन
परालको लुँडी ठूलै हाल्यौ भूंडी सकिनौनी भुलाउन

केटी : न्वारानको चिना माथ्लो चौतारीमा तल्लो बाटो पर्छ र
एकबारको जूनी दर्शन गर्न हिनें तल्लो बाटो पर्छ र
विदेशको केटा यो मन गा छ तेता संगै हुन पर्छ र
माछा बस्ने लेउमा नरकको छेउमा संगै हुन पर्छ र

केटा : पानी है पर्यो रिमी हैन झिमी हिंवै लाग्यो वर्षन
बुझकी नानी बुझ्यौ होला त नी हिंवै लाग्यो वर्षन
माछाको पित्त खै बुझ्दैन चित्त नपाइकन दर्शन
माया भन्दै धाइरई कुखुरा बाखा बाइरै नपाइकन दर्शन

केटी : भिरमाउरीको रानी माथ्लो बाटो जाने तल्लो बाटो लडाउँछ
नसोचेनी भैन हिँडी साद्धे छैन तल्लो बाटो लडाउँछ
यो भातको गाँसलाई हामी दुइटा लाशलाई भिन्नाभिन्नै जलाउँछन्
गएपछि खेर चिता बनाएर भिन्नाभिन्नै जलाउँछन्

केटा : पाटन ललितपुरमा सब छन् आफ्नै सुरमा कल्ले यता हेर्ला र !
नआउदानी चिट्ठी नपुगेनी मिति काल्ले यता हेर्ला र !
सालको है पातलाई तँ मोरीको लाशलाई आर्जेघाटले लेला र !
अग्ली हैन होंची एक फेर नसोची आर्जेघाटले लेला र !

केटी : विलासपुरको घड्को हो मुरली मकै दुई हातले घोचेर
एक राते दईले पोली रथे मैले दुई हातले घोचेर
आर्जेघाटमा पालो परिन्छ की भनी बनाछु पाटी सोचेर
करमच्छे गाउँमा जोरपाटीको ठाउँमा बनाछु पाटी सोचेर

केटा : बाढी आयो हल गैगो तलतल लौरो नभई तरेर
लाग्यो बर्खा चाला बढ्यो खोला नाला लौरो नभई तरेर
कलको पानी बस है त नानी सोस्तीशान्ति गरेर
पाटी र पौवा बनाइसके भन्छ्यौ सोस्तीशान्ति गरेर

केटी : माछा बस्ने लेउमा असनको छेउमा पान किनेर खानलाई
अमिलो पिना झट्टै जाउन हिन पान किनेर खानलाई
मेरो खातिरले बनाएको घरमा पाउँछु मैले जानलाई
अमिलो दइले सम्झिराछु मैले पाउँछु मैले जानलाई

केटा : गुलियो चिनी वाण हरिदिने सुग्रीव होइन बाली छ
त्यसले ब्वारी हर्यो त्यै पापले मर्यो सुग्रीव होइन बाली छ
हारेको कर्म अँध्याराको घरमा सप्पै कोठा खाली छ
पूर्णपछि औंशी डुल कौसी कौसी सप्पै कोठा खाली छ

केटी : हामी दुई बैनीलाई राम्रै हुँदा पनि किनी लेराउ क्यामरा
दूधको तरी ऐसा राम्रो गरी किनी लेराउ क्यामरा
हामी दुईको भरमा खातिरेको घरमा बनी आउनु भमरा
काले विदेशीको स्वर्ग भए पनि बनी आउनु भमरा

केटा : तिम्ले र हाम्ले सानु माया लाउँदा आकाशको तारा खस्ला र
बुझकी ज्ञानी बुझ्यौ होला तनी आकाशको तारा खस्ला र
तन्ना राम्रो झुलमा रस नभाको फूलमा त्याँ भमरा बस्ला र
बालै मेरो पना ख्याल गऱ्यो र मन फूलमा त्याँ भमरा बस्ला र

केटी : नटिपौं भने टिपौं टिपौं लाग्छ बेलपुरे सालको पात
अमिलो पिना हेर्न जाउँ हिँड बेलपुरे सालको पात
घैया धान गोडी कमल फूलाई छोडी नाम रला र पारिजात
मेलो न मेसो के भनेको त्यसो नाम रला र पारिजात

केटा : वनकोबीले तिमी दुई बैनीले पर्दैन कुरा सुन्नलाई
आउँदैन भाका गयो पाखै पाखा पर्दैन कुरा सुन्नलाई
एकराते दईले पाकै छैन मैले जाईको माला उन्नलाई
पारिजात अनि परै सार नानी जाईको माला उन्नलाई

केटी : बलियो डोरो भन्या छौ कि मोरो जान्या रैछौ भुल्याउन
बेतको डाली यो ठाउँ सिंगैं जाली जान्या रैछौ भुल्याउन
जाइको माला उनी लगाउनलाई सक्या छौ र फुलाउन
दिलमा माया सत्रै सधैं गाँठै मात्रै सक्या छौ र फुलाउन

केटा : सिंह र दरबार हो झिली र मिली लाई ऐनाको पारो भो
भन्नै नजानेर झण्डै गाको खेर लाई ऐनाको पारो भो
गमलामा अनि चाँडै रोप्या नानी फुल्न मात्रै गाह्रो भो
मलजल गऱ्या नानी हाली रैको पानी फुल्न मात्रै गाह्रो भो

केटी : यी जोडी नैन राम्रो भको छैन गाजलुको के को सह
लाको र खाको यिनलाई मात्र स्वाको गाजलुको के को सह
फुलेर पनि ओइलाएर गयो आजै पऱ्यो बिहोस
दुःख पायौ आज कठै मेरो राजा आजै पऱ्यो बिहोस

केटा : फूलचोकी माइलाई फूलको रे थुंगा लुमडीलाई हाँसको फूल
था छैन नानी त्यत्रो भएरनी लुमडीलाई हाँसको फूल
गाई बाँध्ने गोठ हामी मात्र हो त तिमी नी भाछौ रनभूल
बरबर आँसु झार्ने सत्र ठाउँमा सर्ने तिमी नी भाछौ रनभूल

केटी : म पनि आछु दाइलाई पनि ल्याछु पासीकोटको मेलामा
अमिलो दईले के भनौर मैले पासीकोटको मेलामा
मनपरेको हीरा पर्दो रैछ पीर पिण्डा खाने बेलामा
आदि उमेर गैगो मर्ने बेला भैगो पिण्डा खाने बेलामा

केटा : लेकमा फूल्ने लाली होइन काली मैदानमा टाँकी छ
रेशम फररर बास्ना हररर मैदानमा टाँकी छ
धनकुटा र धरान किन जान्थ्यो परान अझै कति बाँकी छ
के मेरो हिरा क्या लाग्दैन पिर अझै कति बाँकी छ

केटी : बारमा हाते हो पोटुकी मेरो छेवै छेउमा लम्जान
अमिलो पिना किन्न जान हिन छेवै छेउमा लम्जान
सुकेको बाँसलाई दाइ हरियो दाउरा आउँछ अझै सम्झना
हातको ठेला छुट्यान हुने बेला आउँछ अझै सम्झना

(स्रोतः ओमप्रसाद शर्मा 'अर्जुन')

## थापाररे थली

केटा : थापाररे थली तिम्रो बगैंचामा बास्ना चल्यो भूइँकटर
मेरो हियाराले कठै त्यसो नभनन बास्ना चल्यो भूइँकटर
लहररे बर भैगो के भा छ र, बास्ना ...... मेरो हियाराले ......
गाई बाँध्ने गोठ चित्तै मात्र हो त झण्डै खाको डाइमिटर मेरो हियाराले ......
फलामको झिरले पापीनीको पिरले, झण्डै खाको ......

केटी : असनको चोकमा चिट्ठी पठाइदेउन सम्झनाको मलाई
मेरो हियाराले कठै त्यसो नभनन, बास्ना चल्यो भूइँकटर
म पनि जाने हजुरलाईनी लाने, सम्झनाको ...... मेरो हियाराले ......
उताबाट पत्र नपठाएसम्म पाइँदैन जानलाई मेरो हियाराले ......
डाइमिटरको कुरा नगर हजुर सम्झना मलाई ..... मेरो हियाराले ......

केटा : राजाले नी खेल्ने तीर हैन पासा हो रानीले खेल्ने तास मेरो हियाराले ......
त्यसो भन्या हो त यसो भन्या पो त हो रानीले ...... मेरो हियाराले ......
उतै तिर अनि नपुगेनी नानी बीचमा गर बसोबास मेरो ..... मेरो हियाराले .....
बाउ पनि गए आमा स्वर्ग भए बीचमा बसोबास मेरो ..... मेरो हियाराले .....

केटी : सबै मिली जाउन् लौ कुटेर ल्याउन् मनराको धानलाई मेरो हियाराले .....
के भन्न रे आँटे दिल गरेर सुन मनराको धानलाई मेरो हियाराले .....
दु:ख पाकी छोरी त्यो अभागी मोरी सकिन्छ र जानलाई मेरो हियाराले .....
कमैलाई कनी बीचै सम्म पनि सकिन्छ र जानलाई मेरो हियाराले .....

केटा : एक मानेमा के छ हेर्नै बिर्सिएछ चार मानेमा दई हाल्छ मेरो हियाराले .....
लडेर नी मर्ने मिठै खान पर्ने चार मानेमा दई हाल्छ मेरो हियाराले .....
कलपुरे पानी हाम्रो पनि नानी एकदिन अन्ते भइहाल्छ, मेरो हियाराले .....
कालपासाले बान्छ लौ डण्डाले हान्छ एकदिन ...... मेरो हियाराले .....

(स्रोतः ओमप्रसाद शर्मा 'अर्जुन' बुढानिलकण्ठ)

## एक र मुठी

केटी : एक र मुठी हो जिरीको साग नरम तेलमा गाल्नलाई
कालो थुतुनोमा अब गर्छु होम नरम तेलमा गाल्नलाई

कैले बाल्वा बोक्छु कैले भाँडा मोल्छु दुइटा बच्चा पाल्नलाई
कस्तो दुःख पाको स्वामी स्वर्ग भाको दुइटा बच्चा पाल्नलाई

केटा : सुनको रे थैलो यो हातको मैलो के गर्छ र धनले
लहरे धुपी माया अनुरुपी के गर्छ र धनले
साग अनि सिस्नु खाएको रे बेस लै आनन्दी मनले
कोइका अघि हुन्छन् कोइका पछि हुन्छन् लै आनन्दी मनले

केटी : पानी है पऱ्यो रिमी हैन झिमी कालिज पाल्ने वनले
वनको वह हुन्छ कति डाह कालिज पाल्ने वनले
भन्न त भन्यौ तर सानुमाया खै मान्दैन मनले
घर बज्रबारै दुःख पाइयो सारै खै मान्दैन मनले

केटा : बाह्रमासे गीत हुन्छ दौऱ्याउनलाई क्या हरियो भयो वन ?
यी दुइटीलाई लेर हेर्न जाउँ भनेर क्या हरियो भयो वन ?
झार्छौ कति आँसु लै पिरती गासौं मै बुझाउँला तिम्रो मन
हो भनेको साँच्चै नभनेर मात्रै मै बुझाउँला तिम्रो मन

केटी : धानमा रोप्ने छुपुमारे छुपु आलु रोप्ने पुरेर
डोकाको रे काम्रो आहा कति राम्रो आलु रोप्ने पुरेर
धान खाने रे मुसो भन्छौ भने उसो बसिरन्छु कुरेर
घर बज्रबारै दुःख पाछु सारै बसिरन्छु कुरेर

केटा : चोली लाउने साटन किन्न जाने पाटन भक्तपुरे डेरेस
यी दुइटीलाई लेर हेर्न जाउँ भनेर भक्तपुरे डेरेस
मेरो बालापनको मै लगाउँला थन्को नखाऊ मनले हरेस
हैन ख्याल गरेको छैन ब्या गरेका नखाऊ मनले हरेस

केटी : बाढी आयो हल गैगो तलतल लौरी नभई तर्दैन
सुन न सुन बुझाई मेरो मन लौरी नभई तर्दैन
भत्केको घरको टेको लायौ भने काशी जान पर्दैन
बादलको घेरो बिन्ती लागोस मेरो काशी जान पर्दैन

केटा : हल गोरु दुइटा भैंसीसँग तीनटा लैजानेर ल्याउने को
छ भने दया लग फर्काएर लैजानेर ल्याउने को
तिम्ले पनि भन्यो मैले पनि जानैं ठूलो पुण्य मिल्ने भो
न मेरो कोइ छ न त तिम्रो पोइछ ठूलो पुण्य मिल्ने भो

(स्रोतः दलबहादुर डंगोल, बोहोराटार)

## दूधको रे तरमा

केटा : दूधको रे तरमा पसिनाको भरमा कोइमा केराउ कोइमा जौ
लहरे रे धुपी माया अनरूपी कोइमा केराउ कोइमा जौ
खाछु खोले फाँडो बसीरैछु राँडो पोइल जाने को को छौ
ऐना को रे फूलमा यत्रा गंजागोला पोइल जाने को को छौ

केटी : भोटेले भन्छ क्या खम्ल्याङ् र खुम्लुम् नेवार भन्छ मखुला
आउँदैन भाषा इशाराले डाक नेवार भन्छ मखुला
बारमाना खान्छौँ बारैमाना फ्याक्छौँ हाम्लाई पाल्न सकौला
पोइल त जानी छन् है तर पनि हाम्लाई पाल्न सकौला

केटा : डोको को रे काम्रो बैनी तिम्रो हाम्रो भेट हुँदैन जेठभरि
हिमाल गोसाईंकुण्ड नरोऊ रुनु हुन्न भेट हुँदैन जेठभरि
कालो थुतुनोमा सेतै दै र च्यूरा घिचाइदिउँला पेटभरि
परालको लुँडी उकास दिउला भुँडी घिचाइदिउँला पेटभरि

केटी : दैवलाई पनि दैव लाग्दो रैछ मछिन्द्रको ढल्यो रथ
फलामे ताल्चा ऐले उल्टो काल्छ मछिन्द्रको ढल्यो रथ
तिम्रो आनीबानी था छ हाम्लाई पनि त्यै हैन र हविगत
के खान दिन्छौ के चै लाउन दिन्छौ त्यै हैन र हविगत

केटा : कोगटी रे कैलो तेल परेर मैलो लाई-लाई साबन धुन्न र !
तिम्रो बूढी आमा हाम्रै पँधेरामा लाई-लाई साबन धुन्न र !
आङ्मा एउटा झुम्रो टाँगमुनि मुङ्ग्रो यत्ति भए हुन्न र !
वनका ब्यूलाई तिमी दुई बैनीलाई यत्ति भए हुन्न र !

केटी : बाढी आयो हल गैगो तलतल लौरी नभई तर्दैन
थाछैन र ज्ञानी त्यत्रो भएरनी लौरी नभई तर्दैन
तिमी जस्ता तिग्रे कति जना बिग्रे च्याउन पनि पर्दैन
हैन ख्याल गरेको साँच्चै हो भनेको च्याउन पनि पर्दैन

केटा : हुच्चील को रे टालो देवकीको पालो वासुदेवको गर्ने बे
राम र सीता बाजा नौमतिका वासुदेवको गर्ने बे
लाएको माया बसालेको प्रिती डरै लाग्दो छ क्या रे
माटाको चुलो त्यो छालाको दुलो डरै लाग्दो छ क्या रे

केटी : सिरी महाराजको लै सवारी हुँदा रातो झण्डा सेतो पाल
हेरन दिदी उल्का अनविधि रातो झण्डा सेतो पाल

नपत्याउँदो खोलो घुँडासम्म आउँछ नाइटासम्म हान्छ छाल
तिमी जस्ता तिग्रे कति जना विग्रे नाइटासम्म हान्छ छाल

केटा : छेकी र थुनी हो दुवालीमुनि माछा हाल्ने फुर्लुङ्गमै
तिम्ले पनि भन्यौ मैले पनि जानैं माछा हाल्ने फुर्लुङ्गमै
पिरतीको गोला त्यै छालले होला नेपाल डुब्यो चुर्लुमै
बेमानी सिल्ली भयो चिल्ली बिल्ली नेपाल डुब्यो चुर्लुमै

केटी : कोगटी कैलो तेल परेर मैलो लाईलाई साबुन धुन्छ र
सुन न सुन आँट्यौ क्यारे रुन लाईलाई साबुन धुन्छ र
कतै गैरो हुन्छ कतै डाँडो हुन्छ भनेर साहस हुन्छ र
एकराते दैले बुद्धि पुऱ्याउ पैले भनेर साहस हुन्छ र

केटा : तिम्रा दिदीबैनी माइतै बसीबसी डाँडो र काँडो हल्ला र
त्यसो भन्या हो त यसो भन्या पो त डाँडो र काँडो हल्ला र
हारेको कर्म यो भनेको भरमा अब निर्बा चल्ला र !
भेट भाको मौका कैले छैन लौखा अब निर्बा चल्ला र !

केटी : बिगुले दाइले लै बिगुलै लायो धररामा बसेर
ढाकाको टोपी हेर्न जाने हो की धररामा बसेर
छोरा पनि हुन्छन् छोरी पनि हुन्छिन बस कम्मर कसेर
जाँदैन दरेस नखाऊ मनले हरेस बस कम्मर कसेर

केटा : कोगटी रे कैलो तेल परेर मैलो लाई-लाई साबुन धुँदैन
तिम्री बूढी आमा हाम्रै पँधेरामा लाई-लाई साबुन धुँदैन
सालको पातको यो आइमाईको जातको विश्वास गर्नु हुँदैन
चिलाउनेको सोइला दिउसै जान्छन् पोइला विश्वास गर्नु हुँदैन

केटी : पर्वते भाषा भन्नै नजानेर दाइभाषाले भन्छ गा
झिंगा होइन माखो उसकै जातले पाको दाइभाषाले भन्छ गा
रामसीताको पनि छुट्टा हुन गयो त्यस्तै विश्वास नगर्दा
बरबर आँसु झऱ्यो वन पस्नु पऱ्यो त्यस्तै विश्वास नगर्दा

केटा : भैरवीलाई भनौँ अछेता र पाती पस्पतिलाई बेलपत्र
छैन रिसाएको बिन्ती बिसाएको पस्पतिलाई बेलपत्र
झण्डै झण्डै मरे गर्नु विश्वास गरे पर्नु परेँ अलपत्र
हारेको कर्म कोई छैन घरमा पर्नु परेँ अलपत्र

(स्रोतः धनराज सिग्देग, कपन)

### चौबिसे रे पल्टन

चौबिसे रे पल्टन खटन पटन गरी धनकुटा र धरान
डोकाको रे काम्रो आहा कति राम्रो धनकुटा र धरान
लहरो र थाङ्गो बैनी तिम्रो हाम्रो केले जाला परान
घर बज्रबारै दुःख पाइयो सारै केले जाला परान
एकसरो रे भोटो त्यही पनि छोटो लाई बाउली तके्छर !
दमाई दाइको सिलाई टालो मिलाई मिलाई लाई बाउली ताक्छर !
माछाको भुरा अब आउने कुरा कल्ले जान्न सक्छर !
हिमाल गोसाईंकुण्ड नरोऊ रुनुहुन्न कल्ले जान्न सक्छर !

मकैको रे ढिंडो कैले भोकै हिड्यो कैले मुला थिचेर
कालो थुतुनोमा अब गर्छु घाम कैले मुला थिचेर
ढुंग्रोको रे पेच बस्नु परिरेछ हातले मुटु मिचेर
ए बैनी नानी रुँदै कता जने हातले मुटु मिचेर

कोगटी रे कैलो तेल परेर मैलो लाईलाई साबन धुन्न र
तिम्री बूढी आमा हाम्रै पधेंरामा लाईलाई साबन धुन्न र
माछाका भुरा त्यसै मनका कुरा हाम्लाई भन्न हुन्न र
उपकार अनि के लाग्थ्यो र नानी हाम्लाई भन्न हुन्न र

पिरती रे दिलाई तिम्री दुई बैनीलाई फूलका माला उनेर
कति टाढादेखि आको लौरो टेकी फूलका माला उनेर
काँचका चुरा आफ्ना मनका कुरा के गर्नु र सुनार
हे मेरी मैना खाँचो टर्ने हैन के गर्नु र सुनार

(स्रोतः नक्कले तामाङ्ग, बौद्ध महांकाल)

### विश्वेश्वरलाई रेलमा

केटा : विश्वेश्वरलाई रेलमा गणेशमानलाई जेलमा बबरशम्शेर गडीमा
घिउहाल्ने दालमा छयान्नब्बे सालमा बबरशम्शेर गडीमा
ढोकाको रे काम्रो तिमीभन्दा राम्रो छैन संसारभरिमा
फर्सीको भेट्नु कति मरी मेट्नु छैन संसारभरिमा

केटी : भैरवीलाई भनौ अछेता र पाती पस्पतिलाई जौ र तिल
सुन न सुन मेरो माया सुन पस्पतिलाई जौ र तिल

हुन त मैले के गुनलाको थिँ र के मा बस्यो तिम्रो दिल
धागो बेर्ने लट्टाई भन्द्यौ झट्टै भट्टै के मा बस्यो तिम्रो दिल

केटा : म लेर आउँला दन्त बज्ने च्युरा तिमी लेराऊ गाईको दई
ए मेरो प्रान इच्छा भए खान तिमी लेराऊ गाईको दई
ए मेरो मैना म बिर्सिने छैन यो जिन्दगीभरिलाई
कलेजो र मुटु गर्छ ढुकुढुकु यो जिन्दगीभरिलाई

केटी : ऐलेको वर्ष मरीने पो हो कि दैच्यूराको तिर्सना
सर्सोती माईलाई कर्महारा चाइलाई दैच्यूराको तिर्सना
एकराते दईले मरी मेट्या मैले नसकेर बिर्सन
हितको हियारलाई दिलको पियारालाई नसकेर बिर्सन

केटा : बाढी आयो हल गैगो तलतल बगाइ ल्यायो हिँउको खार
हेर न हेर बैनी उतै गर बगाई ल्यायो हिँउको खार
जोगीको पछि किन लागी रन्छौ अन्तै खोज राजकुमार
बाउले दे को अंश दुई मानाको ब्यू छ अन्तै खोज राजकुमार

केटी : भातैमा पकाउ रुदु हैन गुदु क्या तरकारी पाँचै थोक
आलु र तामा कति गरौं धाम क्या तरकारी पाँचै थोक
दिन र खान कै पर्दैन हाम्लाई मुखै देखे सन्तोक
के बस्यो मैमा तिम्रो आँखी भैं मा मुखै देखे सन्तोक

केटा : सानोमा सानो मुजुरको भाले क्या कर्दाले रेटेको
थाछैन र ज्ञानी त्यत्रो भएरनी क्या कर्दाले रेटेको
झलक्क हेर्दा भैरव जस्तो कालो किन मरी मेटेको
दिदी बैनी दोटी बिन्ती कोटी कोटी किन मरी मेटेको

(स्रोतः दलबहादुर डंगोल, बोहोराटार)

## हातमा लौरो लेर

केटा : हातमा लौरो लेर आउने होला गाँड फर्केकी सासूले
तिम्रा माईतीघर पिट्लान भन्ने डर गाँड फर्केकी सासूले
यसै मनका कुरा भने भनी पूरा पाउँदिनौ बाटो आँसुले
यो मन कति रोको, खाको छ कि भोको पाउँदिनौ बाटो आँसुले

केटी : लहरीको साग कतै छैन राग नरम तेलमा नतार
लडेर मर्ने मिठै खान पर्ने नरम तेलमा नतार

भित्रीलाई मन जति रोए पनि बाइर आँसु नझार
तिम्रो हाम्रो सतुर दिउसै आउँछ फतुर बाइर आँसु नझार

केटा : उइले नब्बेसालमा लै भुइचालो आयो लै पिर्थिवी कामेर
हो कि है तर सोध वरपर लै पिर्थिवी कामेर
उडेको मन पुग्ला मधुवन राख्नुपर्छ थामेर
सलाम जेठी सासू, नझारहै आँसु राख्नुपर्छ थामेर

केटी : कठै रामचन्द्रको सीता हरी लाने लंकापुरको रावणले
वनमा जानु पर्यो, सीताजीलाई हर्यो लंकापुरको रावणले
रानी प-पन्द्रेकी बाँचीरहेदेखि देखिनौ र सामुन्ने
हुल्मुले गाईका हाम्रो दाइ र भाइका देखिनौ र सामुन्ने

केटा : सुन्दरीजलमा रञ्जनाको हलमा फिलिम चल्यो आमाको
बैनी तिम्लाई लेर हेर्न जाउँ भनेर फिलिम चल्यो आमाको
कंगालीको घरमा ठेकी लडे जस्तै को थियो र नागाको
न त रुने रम्ने न त ओछ्यान थाम्ने को थियो र नागाको

(स्रोतः जगतबहादुर के.सी., कीर्तिपुर, भाजंगल)

## गोरे भारतीले

केटा : गोरे भारतीले लैनचौर लियो बौद्ध लियो चाइनाले
नेपाल भयो लाउर धनकै रैछ पाउर बौद्ध लियो चाइनाले
ससुराली भनौ ठेगान भाकै छैन जानु के को साइनाले
दूधमाथि तरमा तिम्रो धादिङ्ग घरमा जानु के को साइनाले

केटी : आलु र बोडी सोदेशीलाई छोडी जान्छ यो मन को र मा
निधारको टिको झण्डै बिराएको जान्छ यो मन को र मा
के को आइनो चाइयो के को साइनो चाइयो जोइल जाने मोरालाई
ठेकीको काईलाई तिम्रो दाइ र भाइलाई जोइल जाने मोरालाई

केटा : बारमासे गीतको ठट्टाबाजी गर्दा जानुपर्ला भागेर
रुपियाँ छ अर्ब भन्छ्यौ कुन-कुन पर्व जानुपर्ला भागेर
नदुखाउ है चित्त, यस्तो झेल्लीसित जान्नौं पछि लागेर
अंग्रेजी गोरा घरमा नभाँ हो र जान्नौं पछि लागेर

केटी : तिम्रो दाजुभाइ, लै जागीरै खाई, हो पैसाको दुःखले
फलामे चिम्टी औषधिको निम्ति हो पैसाको दुःखले

नलाउनु माया लाइसकेपछि नगएर सुखले
लान्छु बजार-बजार पार्छु लछार-पछार नगएर सुखले

(स्रोतः जगतबहादुर के.सी., कीर्तिपुर, भाजंगल)

## घोडाले खायो

केटा : घोडाले खायो टुडिखेलको दुबो माछाले खायो तिरको लेऊ
कल्ले गऱ्यो कर्म उसकै भूँडी भर्न माछाले खायो तिरको लेऊ
रानी प-पन्द्रेकी जाने भएदेखि च्यूरा पैसा फिर्ता देऊ
घडीका सुईले दिदीबैनी दुईले च्यूरा पैसा फिर्ता देऊ

केटा : यत्रा-यत्रा लाठे खाली छन् नी गाँठे कुन्चै लान्छ्यौ फकार
घडीका सुइले दिदीबैनी दुइले कुन्चै लान्छ्यौ फकार
मध्यानीको घामले जानुपर्छ हाम्ले खाको च्यूरा पचार
हरिहरको पूजा लहै कुरा बुझ खाको च्यूरा पचार

केटा : पाटनको देउता अनौठाको एउटा साङ्लो लाईलाई तानेको
यो मैना सत्र देखाउनलाई जात्रा साङ्लो लाईलाई तानेको
असारको मेला घरबार गर्ने बेला केलाई दुःख मानेको
त्यै छ दले राजा लेर जान्छ आज केलाई दुःख मानेको

केटा : जुन दिन बन्या, विश्वविद्यालय उई दिन बन्यो भन्सार
लरक्क लर्क घोसी यता फर्क उई दिन बन्यो भन्सार
यो चञ्चले मनको नलाइकन थन्को काँ सुइकने भन्छर
बेइमाने ठाले हुन्न यो कुराले काँ सुइकने भन्छर

(स्रोतः नक्कले तामाङ्ग, बौद्ध, महांकाल)

## पाटनको भनौँ

केटा : पाटनको भनौँ, पातलो रे पैसा आरै लाई-लाई गन्दिनु
के भन्न आँटे दिल गरेर सुन आरै लाई-लाई गन्दिनु
शुक्रबार पर्यो ओछ्यान ठूलो लाउली पालो पर्यो भन्दिनु
राइफलको जागीर बस्नै पर्यो आखिर पालो पर्यो भन्दिनु

केटी : अरुको भने आउनेजाने गर्ने हाम्रो आउदै नआउने
निगालेमुनि किन होला कुनि हाम्रो आउदै नआउने
राजाले पनि बिदा नद्या हो कि आउनै मन नलाउने
मान्न थाले झर्को न कतै छ अर्को आउनै मन नलाउने

केटा : गाई पनि ब्याउँने भैंसी पनि ब्याउने गोरु ब्याउँदै नब्याउने
थाह छैन ज्ञानी त्यत्रो भएरनी गोरु ब्याउँदै नब्याउँने
आउन त मन लागी राथ्यो मलाई फुर्सद कैले नपाउने
हरिहरको पूजा लहै कुरा बुझ फुर्सद कैले नपाउने

केटी : शिवपुरीको वनमा, केलाई धाउनु पर्थ्यो घरैमुनि वन भए
त्यसो भन्या हो त यसो भन्या पो त घरैमुनि वन भए
सुन्तलाको बोटमा अमृत फलिसक्थ्यो मेरै जस्तो मन भए
कति हुन्थ्यो जाती हुन्थे छोरा नाती मेरै जस्तो मन भए

(स्रोतः मणि थापा, मूलपानी)

## जाऊ बैनी घर

केटा : जाऊ बैनी घर कपाल कोर्दै गर टेबुलमाथि ऐना छ
त्यसो भन्या हो त यसो भन्या पो त टेबुलमाथि ऐना छ
यी दुइटीमध्ये एउटा लान्छु भन्या तक्दिरमा रैनछ
सम्झीन्छु राति गोल मिलेको छाती तक्दिरमा रैनछ

केटा : ऐलेको वर्ष साँढे सातको दसा घरमा दुइटा सुत्केर
ढाकाले टोपी दसा लाग्या होकी घरमा दुइटा सुत्केर
तिर्सना मेट्न पापीनीलाई भेट्न आइरैछु फुत्केर
परि गो साँझ चाँजो मिलाउ आज आइरैछु फुत्केर

केटा : सोह्रखुट्टे पाटी ढुंगो चाटीचाटी माउ माछाले खाने लेउ
गई हाल्यो चर्न उसकै भुँडी भर्न माउ माछाले खाने लेउ
आफूलाई दिउला सिङ्गै चोलो लाउन आज मेसो मिलाइदेऊ
आँखामा दया, लाग्छ भने माया आज मेसो मिलाइदेऊ

केटा : तिम्री दिदीबैनी एकैनासे रैछौ यै लगनमा बे गर्नु
राम र सीता बाजा नौमतीका यै लगनमा बे गर्नु
ताप्केको ठाँडो तात्याछैन तेता बिंड तातेर के गर्नु
ख्याल गर्या हैन कुरो बुझ्यौ मैना बिंड तातेर के गर्नु

(स्रोतः भरत के.सी., थली, डाँची)

## लाएको माया

केटा : लाएको माया बसालेको प्रिती झन् झन् गयो गडेर
निगालेमुनि किन होला कुनी झन् झन् गयो गडेर

ख्या परेको भाँडो त्यो ताप्केको ठाँडो जाओस् त्यसै सडेर
माया रैछ्यौ लाछी काम नलागेपछि जाओस् त्यसै सडेर

केटी : पानीलाई पर्यो रिमी हैन झिमी काटी बादल घाम लाग्छ
चोयाको ढक्की कुरा गर्छु पक्की काटी बादल घाम लाग्छ
मकैलाई कनी बाँची रैयो भने पछिपछि काम लाग्छ
कानको रे लोती तिम्रा बाउका गोती पछि पछि काम लाग्छ

केटा : नेपाल भयो लाउर धनकै रैछ पाउर धनै धनले पेलीगो
हेर न हेर बैनी उइँ गएर धनै धनले पेलीगो
बाइमात्रा क'लाई के काम लाग्ला मलाई उमेरले बयल खेली गो
याँका र त्याँका सब जानाले भ्याका उमेरले बयल खेली गो

केटी : दाइजो है पाको मेरो भागमा आको टारीमाईको लम्पट खेत
मेलो न मेसो के भनेको त्यसो टारीमाईको लम्पट खेत
मकैलाई कनी भाले पाइयो भने अझै ब्याउँछौं दुईचार बेत
सुत्केरी खर्च त्यै पापीले गर्छ अझै ब्याउँछौं दुईचार बेत

(स्रोतः सीतामाया कोइराला, पुरानो सिनामंगल)

### नेपालको हावा

केटा : नेपालको हावा नेपालैको पानी, हे बैनी, नेपालकै बिरेनून
झिली र मिली तिमी हामी मिली हे बैनी नेपालकै बिरेनून
मासको दाना फोडी, तिलकै दाना जति हे बैनी कै रैनछ मेरो गुन
हितको हियारालाई दिलको पियारालाई हे बैनी कै रैनछ मेरो गुन

केटी : दाजु राजारामलाई छैन पेटे मोटो, हे दाजु, भाइ भरतलाई पगडी
आउदैन भाका त्यतैबाट डाक हे दाजु, भाइ भरतलाई पगडी
गुन बैगुनका कुरा, गर्छौ भनी पूरा हे दाजु गुनै गुनको भकारी
दिन र खान कै पर्दैन मैले हे दाजु गुनै गुनको भकारी

केटा : मेल्टरीमा जागीर न त खानु रै छ, हे बैनी सधैं पर्ने कोतगार
हे मेरो मैना एक्छिन फुर्सद छैन सधैं पर्ने कोतगार
मेरो बालापनले गुन लाएर होला, हे बैनी दर्शन पाउँन माँभारत
खाछु खोले फाँडो बसी रेछु राँडो, हे बैनी दर्शन पाउँन माँभारत

केटी : सानुमा सानो मुजुरको भाले हे दाजु, क्या कर्दाले रेट्नलाई
बुझकी नानी बुझ्यौ होला त नी हे दाजु, क्या कर्दाले रेट्नलाई

मकैलाई कनी बाँची रैयो भने, हे दाजु कोइ दिन आउनु भेट्नलाई
हितको हियारालाई दिलको पियारालाई हे दाजु कोइ दिन आउनु भेट्नलाई

केटा : पानीलाई पर्यो रिमी हैन झिमी, हे बैनी हिँवै लाग्यो वर्षन
साथी भाइलाई लेर हेर्न जाउँ भनेर हे बैनी हिँवै लाग्यो वर्षन
एक बट्टा सलाई अब उप्रान्तलाई हे बैनी पाउँदिनौ है दर्शन
बाउ पनि गए आमा स्वर्ग भए हे बैनी पाउँदिनौ है दर्शन

केटी : जैलेमा बन्यो सोह्रखुट्टे पाटी, हे दाजु, उईले भन्यो भन्सार
इष्टमित्र लेर, हेर्न जाउँ भनेर हे दाजु, उईले भन्यो भन्सार
लाको माया तोडी यो मायालाई छोडी, हे दाजु कता जाने मन्छर
बारीको लमई लैजाऊ संगैसंगै हे दाजु कता जाने मन्छर

केटा : एक मानेमा के छ हेर्नै बिर्सिएछ, हे बैनी चार मानेमा दई रेछ
सुन न सनु उदाएको जुन, हे बैनी चार मानेमा दई रेछ
घर बज्रबारै दुःख पाइयो सारै हे बैनी जाँगएनी भैरेछ
काँ गएर मरौ कस्को शरण परौं हे बैनी जाँगएनी भैरेछ

केटी : कुखुराको भाले सारै झालेमाले हे दाजु सपन तिर्थ मास्तिर
बुझकी ज्ञानी बुझ्यौ होला त नी हे दाजु सपन तिर्थ मास्तिर
म छुदैछु नी बिग्रिदैन जुनी हे दाजु त्यो मन नलाऊ दसतिर
लाएको माया बसालेको प्रिती हे दाजु त्यो मन नलाऊ दसतिर

(स्रोतः धनराज सिग्देल, कपन)

## भैरवीलाई भनौं

भैरवीलाई भनौं अछेता र पाती पस्पतिलाई बेलपत्र
ढोकाकोरे काम्रो आहा कति राम्रो पस्पतिलाई बेलपत्र
कमाउने बाउलाई कलंकीमा मारे हामी पर्यौं अलपत्र
माछाको भुरा सबै भयौं टुरा हामी पर्यौं अलपत्र

फुलपातीको बडाई गर्न थाले लडाई गंगाबुमा गएर
ढाकाको रे टोपी हेर्न जाने होकि गंगाबुमा गएर
लोकतन्त्र अनि जोगाइ राखौं नानी तिमी हामी भएर
माछाको सिली सबैजना मिली तिमी हामी भएर

ऐलेकोरे नेता कमाइ हाले जेथा तैनि ठूलावडा रे
हो भनेको साँच्चै नमानेको मात्रै तैनि ठूलावडा रे
अर्काको रे भरमा चइन गर्न पाए सबै हुन्छन् भँडारे
लहरे वर भनी साध्य छ र सबै हुन्छन् भँडारे

पस्पति गाको धर्म गर्ने भाको राजा बाईर म भित्र
लोकतन्त्र आको यस्तो पनि भाको राजा बाईर म भित्र
हिमाल गोसाईंकुण्ड अब रुनु हुन्न सबै भइयो पवित्र
पुरानो चै गैगो नयाँ हुने भैगो सबै भइयो पवित्र
हुच्चीलको रे टालो देवकीको पालो बासुदेवले गर्ने बे
राम र सीता बजा नौमतिका बासुदेवले गर्ने बे
घर बज्रबाराई दुःख पाइयो सारै धर्म छाडे राजाले
धन दौलत लुटी जनता कुटीकुटी धर्म छोडे राजाले
पानी है पर्यो रिमी हैन झिमी क्या हरियो भयो वन
था छैन रे ज्ञानी त्यत्रो भएर नी क्या हरियो भयो वन
ऐलेको बजेट कर्णालीमा पुग्यो के गरेर बुझाउँ मन
नगरका जनता सबै रुन थाले के गरेर बुझाउँ मन
चरीलाई थाप्ने लिसो हैन पासो क्या बागलाई धराप
जस्तालाई त्यस्तै ढिंडो भयो निस्तै क्या बागलाई धराप
हे बैनी नानी रोए राजा रानी कस्को लाग्यो सराप
पानीको रे फुल्का अचम्म र उल्का कस्को लाग्यो सराप
फूलचोकी माईलाई फूलकोरे थुंगा लुमडीलाई हाँसको फूल
त्यसो भन्या हो त यस भन्या पो त लुमडीलाई हाँसको फूल
यो मन पोलीराछ सबै उल्का भाछ भइरैछन् रनभुल
अरु अरु भन्दा नेपालको जनता भइरैछन् रनभुल
(स्रोतः साइँला बाजे, बालाजु, बोराटार)

## जति माया लायो

केटा : जता माया लायो उतै भताभुङ्ग धिक्कार मेरो के कर्म
अभागी खप्पर जाँगएनी ठक्कर धिक्कार मेरो के कर्म
गाईले साँढे खोजे लान्छन् वनकालीमा आउँदैन साँढे घरघरमा
बान्दिन्छन् रुखमा समाइदिन्छन् मुखमा आउँदैन साँढे घरघरमा
केटा : सालघारीमा थुप्रै हो सालको पात बेलघारीमा पाक्यो बेल
कलकत्ता बम्वै जम्मै लटरम्मै बेलघारीमा पाक्यो बेल
जोर आँखा ताक्छ्यौ केलाई पछि लाग्छ्यौ माइती पर्व चलुन्जेल
जता ओल्टो-कोल्टो उतै थाप्छौ पोल्टो माइती पर्व चलुन्जेल
केटा : राम्रा-राम्रा आए, राम्रै माया लाए तिम्रो हाम्रो के चाला
होइन ख्याल गरेको साँच्चै हो भनेको तिम्रो हाम्रो के चाला

औँठी हावादारी म जोत्तिन बारी अर्कै खोज खेताला
भनेको मान लै बैरी नठान अर्कै खोज खेताला

केटा : मै लेर आउँला दन्त बज्ने च्यूरा तिमी लेराऊ गाईको दै
आँखामा माया लाग्छ भने याहाँ तिमी लेराऊ गाईको दै
हो रोटे पिङ्को चारोटा रे पिर्का सल सल सरिकै
गुलीयो चिनी यो मन स्वाद दिने सल सल सरिकै

केटी : पानीलाई पर्यो रिमी हैन झिमी क्या हरियो वन
आउदैन रे भाका गयो पाखै पाखा क्या हरियो वन
यो कालीका माईको कर्महारा चाइँको बुझाइ देउन पापी मन
किन रिसाएको बिन्ती बिसाएको बुझाइ देउन पापी मन

केटा : करमको रेखी मर्न पाएदेखि सबलाई हुन्थ्यो फराक
ढोकाको रे काम्रो आहा कति राम्रो सबलाई हुन्थ्यो फराक
हितको हियाराले दिलको पियारले न बिगार दिमाग
मोहनी दन्त नसम्झन अन्त न बिगार दिमाग

(स्रोतः रामबाहदुर कार्की, कीर्तिपुर)

## तीनै र सहरभरि

तीनै र सहरभरि नेपालमा कल कारखाना माडेको
बिजुली बत्ती ठूलाठूला जति कल कारखाना माडेको
आरिसे छ त त्यसै भएरत जिउ लाग्दैन डाडेको
उत्तर गोसाईंकुण्ड झुठो बोल्नु हुन्न जिउ लाग्दैन डाडेको

गोरुले खायो तारे भिरको डाँडाँ माछाले खायो तिरको लेउ
सुन न सुन डढाएको जुन माछाले खायो तिरको लेउ
बर्खाको रे बाढी सबैकुरा छाडी पछि लाग्या भन्ठान्यौ
तिमी भन्दा राम्रा घरमै छ नी हाम्रा पछि लाग्या भन्ठान्यौ

असनको चोकमा भोक लागेको झोंकमा ढिडो पनि भातै हो
अमिलो मोईलाई धन नभएकोलाई ढिंडो पनि भातै हो
सुनको सिक्री किन मान्छौ फिक्री मर्दको त जातै हो
जे गरेर पनि पाल्ने छु नी नानी मर्दको त जातै हो

बट्टारे कौवा कैले रानी पौवा घुम्दै गयो दुई नम्बर
मसिनो माटो धुलिखेलको बाटो घुम्दै गयो दुई नम्बर

यो मन राख्ने भाँडो घरमा भाको भए केलाई गर्थे यो झमाट
तिर्सट्ठी सालमा यो बुढेसकालमा केलाई गर्थे यो झमाट
दल्ले र झेल्ले घर बनायो तेल्ले ल्यायो जंगल फाँडेर
हेरन फेरि उल्का अनबेली ल्यायो जंगल फाँडेर
धान मुरी सस्तो यी बैनीले जस्तो हिनिन् मन मारेर
कैले आलुबारी कैले तालुबारी हिनिन् मन मारेर
मट्टारे दाइले लौ जागिरै खायो चैते किस्ता मासेर
बाँसको चित्र नारायनीभित्र चैते किस्ता मासेर
फेरि भेट हौँला यस्तै माया लाउँला भइदेऊ विदा हाँसेर
कीर्तिपुर डाँडा बस्ती टाढा-टाढा भइदेऊ विदा हाँसेर

(स्रोतः हरिकृष्ण दुलाल, कीर्तिपुर)

## पाटनको घैया

केटा : पाटनको घैया दुई-दुईपाते भया तीनपातेमा गोडेर
बालैले रोप्न पर्म लाई-लाईकन तीनपातेमा गोडेर
यो चञ्चले मनको नलाइकन थन्को पाउन्नौ जान छोडेर
पर्खाल छ चीनमा लौ आजको दिनमा पाउन्नौ जान छोडेर

केटा : खरकाटेर पिनाइ धादिङ्गमा थिनौ म आउँदा तिमी काँ गाको
जाइको माला उनी हिड्यौं ढोका थुनी म आउँदा तिमी काँ गाको
यो पिरती भन्दा छोडे घरको धन्दा कस्तो दया नभाको
जा जा कान्छा समा घचाडदेन दहमा कस्तो दया नभाको

केटा : मिसरी काँडा दवाई, किनी खाँदा सबै रिनमाथि रिन लागो
बेचीसकें सबै उपचार नभई रिनमाथि रिन लागो
बारम्बार धाउदा दर्शन रे पाउँदा ओइलाएको मन जागो
अब छैन सुर्ता त्यो मुहार हेर्दा ओइलाएको मन जागो

केटा : बाबै र ज्यू को लै गहिरी खेत पराल तिम्रो धान हाम्रो
बाह्रमासे गीतलाई भन्छु बारै चोटि पराल तिम्रो धान हाम्रो
वेत काटी चाम्रो मरिजानु राम्रो दाग लागेको नराम्रो
मन जलाई जलाई, जस्तो लाग्छ मलाई दाग लागेको नराम्रो

(स्रोतः शिवनाथ सापकोटा, थली)

### डोकोमा राम्रो

डोकोमा राम्रो आख्लिनीया लाको डाली राम्रो वेतको
फर्केर हेर झर्के नमानेर, डाली राम्रो वेतको
नदेखेको पनि तिमलाई धेरै भयो खबर के छ त्यत्ताको
हलका दाँयाबायाँ सलाम सानुमाया खबर के छ त्यत्ताको

धारकेका पातलाई यो गल्छीका सिन्का स्युचाटारमा गाँसेर
आउन वर वर थोरै माया हो र स्युचाटारमा गाँसेर
भेट हुन्छु र कैले भेट भो संयोगैले बोली देऊन हाँसेर
तीयाँ र चौका भेट भएको मौका बोली देऊन हाँसेर

पस्पतिनाथका चारैतिर ढोका चारै ढोका चाँदीका
भन्ने नजानेर झण्डै गाको खेर चारै ढोका चाँदीका
सोह्रसय गोपी कालीन्द्रीको तिरमा कुन चैं होलिन् राधीका
आज यता तिर मेरा बाबु हिँड कुन चै होलिन् राधीका

उमेर गैगो मर्ने बेला भैगो गर्नु तीर्थ धरम
शिवजी राम धाई-धाई चार धाम गर्नु तीर्थ धरम
दुःख पाए पनि सुखीजस्तै बनी यस्तै रैछ करम
अभागी ज्यानको लाउनै पर्ने थान्को यस्तै रैछ करम

(स्रोतः भरत के.सी., थली)

### गोठमा बस्ने

गोठमा बस्ने हो गोठालो दाइले लाइत हाल्यो फरिको
मेरो बाबु राजा भेटै भयो आज लाइत हाल्यो फरिको
यी दुईटीलाई लेर हेर्न जाउँ भनेर लाइत हाल्यो फरिको
मेरो बाबु राजा भेट्टै भयो आज, लाई त हाल्यो फरिको
ज्यानका दिदीबैनी नरोइकन बस मैले जान परिगो, मेरो बाबु ……
माया हुँदा हुँदै जानु पर्यो रुदै, मैले जान …… मेरो बाबु ……

असनको रायो हिजो बेल्का खायो पस्पतिको बसाले
मेरो बाबु राजा भेटटै भयो आज पस्पतिको बसाले
फर्केर हेर झर्के नमानेर पस्पतिको बसाले, मेरो बाबु ……..
आज यता आउने मनमै थेन धाउने घुमाइल्यायो दशाले, मेरो ……
लेखको टुनी किन होला कुनी घुम्माइल्यायो दशाले, मेरो …….

पर्वते भाषा कुटो कोदालो त दाइभाषाले भन्छ को
मेरो बाबु राजा भेट्दै भयो आज दाइभाषाले भन्छ को
डोकाको काम्रो उसकै भाषा राम्रो दाइभाषाले भन्छ को, मेरो ........
चरीले रोज्दै माया खोज्दा खोज्दै म याँसम्म आएको, मेरो .......
झार जंगल फाँडी सबै थोक छाडी म याँसम्म आएको, मेरो ........
(स्रोतः भरत के.सी., थली)

## पानीलाई पर्यो

पानीलाई पर्यो हेर रिमीझिमी - हेर रिमीझिमी
गोकर्णको वनसेरो - गोकर्णको वनसेरो
आफू त गयौ हो विदेशी भयौ - क्या विदेशी भयौ
उडाइ लग्यौ मन मेरो - उडाई लग्यौ मन मेरो

(ठाडो भाका)
कालीगङ्गा बाढी आइन् कुना कानी पेल्दै
हजुरसित भेटूँ भनी आको वयल खेल्दै
खेतीपाती नै त होनी ठूला रुखमुनि
मनको कुरा मनमै रह्यो जैले सुकै पनि

गोकर्णको वनसेरो ..............

कोरी र बाटी हो चुलठी छाँटी हो चुलठी छाँटी
फूले लाउने सिउँदैमा फूले लाउने सिउँदैमा
त्यसको एउटा गुन छ, ऐसा राम्रो हुन्छ - ऐसा राम्रो हुन्छ
बर्खा होस् की हिउँदैमा - बर्खा होस् कि हिउँदैमा

(ठाडो भाका)

हिजो बेल्का ओथ्रा बस्यो कुखुराको पोथी
छ सातवटा चल्ला काट्छ, त्यस्ले एकैचोटि
त्यही चल्ला बिक्री गर, गर लुगाफाटो
लै है माया म त हिँडी घामले डाँडाँ काट्यो

गोकर्णको वनसेरो ...............
(स्रोतः भरत के.सी. थली)

## तीर्सुली गंगा

तीर्सुली गंगा बाढी आयो गाउँमा, सलाम सानुमाया, बगाइ ल्यायो झारै झार
लहरे वर दैव केलाइ छ र, सलाम सानुमाया , बगाइल्यायो झारै झार
यी दुई बैनीलाई क्या फूलको माला, सलाम सानुमाया, याँ बस्नेलाई नमस्कार
दिदीबैनी दोटी बिन्ती कोटी कोटी सलाम सानुमाया, याँ बस्नेलाई नमस्कार

पुर्षोत्तम मइना नारानथानमा गैन सलाम सानुमाया फूल टिपेर तीन ढकी
आउँदैन भाका फूल त्यैं बाट फाँक सलाम सानुमाया फूल टिपेर तीन ढकी
हारेको कर्म नमस्कारको भरमा सलाम सानुमाया, यसै बित्यो जिन्दगी
भेट भाको मौका कैले छैन लौखा सलाम सानुमाया, यसै बित्यो जिन्दगी

हाम्रो घर आइदेऊ काम गरेर खाइदेऊ सलाम सानुमाया घरमा एउटा बोको छ
के भन्न आँटे दिल खोलेर सुन सलाम सानुमाया घरमा एउटा बोको छ
तिम्रो माइतीघरलाई ससुराली भन्ने सलाम सानुमाया ऐसा मलाइ धोको छ
सूनले दन्त बान्या सब जानाले मान्या सलाम सानुमाया ऐसा मलाइ धोको छ

धानमा रोप्ने छुपुमा रे छुपु सलाम सानुमाया आलु रोप्ने पुरेर
नहेर यता यो मन आउँछ तेता सलाम सानुमाया आलु रोप्ने पुरेर
गाजल लाउँने आँखा बादल लाग्या देख्छु सलाम सानुमाया के बस्नु र कुरेर
जता वोल्टोकोल्टो उतै थाप्छौ पोल्टो सलाम सानुमाया के बस्नु र कुरेर

कल्ले भरन गऱ्यो कल्ले पोसन गऱ्यो सलाम सानुमाया रामको छोरो लवलाई
देखाइ देखाइ यो चाल क्या खायौनी नेपाल सलाम सानुमाया रामको छोरो लवलाई
आदि उमेर गैगो मर्ने बेला भैगो सलाम सानुमाया काम लाग्दिनौ अबलाई
चिलाउनेको सोइल अन्तै जाउन पोइल सलाम सानुमाया काम लाग्दिनौ अबलाई

कैले जोरो आउने कैले टाउको दुख्ने सलाम सानुमाया खेत गोडेको लछारो
आउन वर वर ख्याल पो माया हो र सलाम सानुमाया खेत गोडेको लछारो
तेरीमा टोक्ने घरमै रैछ लोग्ने सलाम सानुमाया, ब्यर्थै पऱ्या पसारो
तिमीभन्दा राम्रो घरमै थेनी हाम्रा सलाम सानुमाया, ब्यर्थै पऱ्या पसारो

(स्रोतः दलबहादुर डंगोल, बोराटार)

## भिर न भिर

भिर न भिर, झिंगा लाग्यो हेर त्यो दूधैका तरैमा
भन्नै नजानेर झन्नै गाको खेर त्यो दूधैका तरैमा
भुटेको चाम्री तिमीभन्दा राम्री हाम्रै छ है घरैमा
गाईपाली हुर्की केलाइ लाउँछौं घुर्कि हाम्रै छ है घरैमा

विदेशीको झोला मरी जाने होला एक बारको चोला त
यसको एउटा गुन छ, सबै मान्छे रुन्छ एक बारको चोला त
सिम्पानी सिम्ले मेरो माया तिम्ले के भनेको होला त
सुनेर बस भिरमौरीको रस के भनेको होला त

हिमालचुली पल्लापट्टि गाउँमा घाँस काटेँ गोरुलाई
नभनौला भन्थें भन्नै परो मैले घाँस काटेँ गोरुलाई
हेर्न त हेर्यौं तर सानुमाया मलाई हो कि अरुलाई
लौ माया भन नलजाइकन मलाई हो कि अरुलाई
(स्रोतः घाँसेगीत प्रतियोगिता, रत्नपार्क)

## हिँड चाँडो चाँडो

केटा : हिँड चाँडो चाँडो 'कीर्तिपुरको डाँडो'[२] नरमाइलो नारान मच्छेगाउँ
माया लागी धेर 'हेर्न जाऊँ भनेर'[२] नरमाइलो नारान मच्छेगाउँ
पातलको चोकाँ 'यमराजको ढोकाँ' म त अघि नारान हुन पाऊँ
मकैलाई कनी 'तिमीभन्दा पनि'[२] म त अघि नारान हुन पाऊँ

केटी : वारी पशुपति 'पारी गुजेश्वरी'[२] माझै पर्यो नारान वनैवन
तिमी र हामी 'हेर्न कैले जाने'[२] माझै पर्यो नारान वनैवन
लै माया ज्ञानी 'त्यसै भन्छौ भनि'[२] दुई जनाको नारान एउटै च्यान
त्यसै होला निको 'दर्शन पस्पतिको'[२] दुई जनाको नारान एउटै च्यान

केटा : आलु र तामा 'ऐले चौतारामा'[२] पोथी बस्यो नारान ओथार
फलामे ताल्चा 'ऐले उल्टो काल्छ'[२] पोथी बस्यो नारान ओथार
मइलो लुगा धुन्न 'तिम्ले मर्नु हुन्न'[२] तिमीभन्दा नारान कोछर
देवीघाटको पूजा 'लहै कुरा बुझ'[२] तिमीभन्दा नारान कोछर

केटी : बाटो र मुनि 'यो बाटो र माथि'[२] घैया धान नारान गोडेर
पानी झमझम 'कुटो लाईलाईकन'[२] घैया धान नारान गोडेर
अमिलो सिन्की 'खाली तिम्रो निम्ति'[२] आको घरबार नारान छोडेर

एउटै कुरा जैले 'कति भन्नु मैले'[२] आको घरबार नारान छोडेर

केटा : असन इन्द्रचोकमा 'तिर्सनाको झोंकमा'[२] धान कुटेर नारान रुज्यौत
घडीको सुई 'दिदीबैनी दुई'[२] धान कुटेर नारान रुज्यौत
असारे मेला 'यता आउने बेला'[२] सिरीमानलाई नारान सोध्यौता
साखुल्ले बनी 'ल है जान्छु भनी'[२] सिरीमानलाई नारान सोध्यौता

केटी : सुपारी र तामल 'उसिनेको चामल'[२] मरी जाने नारान के को शोक
दुई हातले नानी 'खाउँला मिठै मानी'[२] मरी जाने नारान के को शोक
अमिलो छ मोई 'सिर्मान भको भए'[२] केलाई खोज्नु नारान अरु थोक
आँसु मात्रै झर्ने 'सधैं रुनु पर्ने'[२] केलाई खोज्नु नारान अरु थोक

केटा : बालीको गोड्छ 'एत्रा खोला बढ्छ'[२] हेरेकाछम नारान राम्ररी
भदौरी खोला 'के भएर होला'[२] हेरेकाछम नारान राम्ररी
घरमा सिर्मान 'नभएको भए'[२] कल्ले हाल्द्यो नारान तिलरी
दूधको तरी 'नाइटो छोप्ने गरी'[२] कल्ले हाल्द्यो नारान तिलरी

(स्रोतः घाँसे गीत प्रतियोगिता, रत्नपार्क)

## बाढी आयो हल

बाढी आयो हल गैगो तलतल लौरो नभई तरेर
पिपल परै बसन, लौरो नभई तरेर
नहेरन यता डोऱ्याउनलाई तेता, लौरो नभई तरेर पिपल ......
किन मलाई ढ्याँट्या विदा हुन आँट्या दुईटा कुरा गरेर, पिपल ......
माया भन्दै धाइरईं कुखाबाखा बाइरई, दुईटा कुरा गरेर, पिपल ......

भैरवीलाई भनी अछेता र पाती पस्पतिलाई बेलपत्र
पिपल परै बसन, पस्पतिलाई बेलपत्र
मान्छे भने होची भन्छ्यौ घोची घोची, पस्पतिलाई बेलपत्र पिपल ......
कस्तो रैछ कर्म हँसाईको भरमा क्या परेनी अलपत्र, पिपल ......
भेट भाको मौका कैले छैन लौखा, क्या परेनी ...... पिपल ......

भातै र पकाई क्या मसिनो चामल लरे मासको दाल खाउली
पिपल परै बसन, लरे मासको दाल खाउली
के भने मैले के चैं सुन्यौ तिम्ले, लरे मासको ...... पिपल ......
तरकारी लौका परेपछि मौका भालेले ठुङ्दा चाल पाउली, पिपल ......
लहरे रे दन्त नहिन है अन्त भालेले ...... पिपल ......

हरियो वन सालको रे पात क्या टपरी गाँसेको
पिपल परै बसन, क्या टपरी गाँसेको
सुनले दन्त बान्या सत्रौडाले छान्या, क्या टपरी गाँसेको पिपल ......
ख्याल गरेको हैन राम्रो संकेत छैन यसरी पोथी बासेको, पिपल ......
माछा हाल्ने फूर्लङ्ग पार्छम् कर्ल्यामकुर्ल्लुम यसरी पोथी बासेको, पिपल ......
खुकुरीले हान बञ्चरोले हान बचनले नहान
पिपल परै बसन, बचनले नहान
बेमानी छाले कुरै भ्काले माले, बचनले नहान पिपल ......
चिलाउनेको सोइल दिउसै हिड्ने पोइल आफै जस्तो नठान, पिपल ......
वोल्ली चैं लुच्ची पल्ली चैं नी छुच्ची आफै जस्तो नठान, पिपल ......
आमाको तीर्थ भन्छन् मातातिर्थ बाउको तीर्थ गोकर्ण
पिपल परै बसन, बाउको तीर्थ गोकर्ण
त्यसो भन्या हो त यसो भन्या पो त, बाउको तीर्थ गोकर्ण पिपल ......
गाजल लाउँने आँखा किन बादल लाग्या हिँड अब लव गर्न, पिपल ......
चड्काई दिउँकी गाला त्यै हैन र चाला, हिँड अब लव पिपल ......
जता माया लायो उतै भताभुङ्ग धिक्कार मेरो के कर्म
पिपल घरै बसन, धिक्कार मेरो के कर्म
के भन्न आँटे दिल खोलेर सुन, धिक्कार मेरो के कर्म, पिपल ......
गाईलाई साँढे चाइए वनकालीमा लान्छन्, आउदैन साँढे घरघरमा, पिपल ......
बान्दिन्छन् रुखमा, समाइदिन्छन् मुखमा, आउदैन साँढे घरघरमा, पिपल ......
फूलको रे माला, लेर आउन पाइन, नफुलेर बेलीजाई
पिपल परै बसन, नफुलेर बेलीजाई
जाने बेला भैगो मनको धोको रैगो, नफूलेर बेलीजाई, पिपल ......
रामका छोरा लव, के चाहिन्थ्यो अब, वेत बसेकी मोरीलाई, पिपल ......
नरिसाऊ नानी ठट्टा गर्ने बानी, वेत बसेकी मोरीलाई, पिपल ......
(स्रोतः घाँसेगीत प्रतियोगिता, रत्नपार्क)

**बोडेमा पानी**

केटा : बोडेमा पानी पर्दै नपरने पऱ्यो पानी रहेन
के हुन गाको दैव कसो भाको पऱ्यो पानी रहेन

तकदिरमा अनि नभएको कुरा बल गरेर भएन
मेरी माया सानु रुदै कता जानु बल गरेर भएन

केटी : सीमलीको गाईलाई पर्यो सोह्रसय लैजाने र ल्याउनेको
सुरीलो टुनी तिम्रै घर मुनि लैजाने र ल्याउनेको
एक राते दैछ, ऐले लागी रैछ न्याउरी मारी पछुतो
सुरो सोदेशीलाई काली विदेशीलाई न्याउरी मारी पछुतो

केटा : राजाको भाइ सीरीकिस्न साई लैरानीको देवोर
लाको र खाको कति राम्रो स्वाको लैरानीको देवोर
देख्या मात्रै हो धेर, ढल्याछैन उमेर अझै पनि के भो र
रानी प-पन्द्रेकी इच्छा भएदेखि अझै पनि के भो र

केटी : दरबारको पासा उसकै कुरा खासा दाइभाषाले भन्छ कु
माटाको घला आफ्नै भाषा भला दाइभाषाले भन्छ कु
उत्तर गोसाइँकुण्ड त्यस्ता कुरा हुन्न पति बर्त बस्नेछु
आँखा लाउँछौ किन पैले मान्छे चिन पति बर्त बस्नेछु

केटा : उडेको मन पुग्छ मधुवन ल्याउनुपर्छ खिँचेर
बिन्ती मेरो कोटी माथ दुबैवटी ल्याउनुपर्छ खिँचेर
अर्थ न बर्थ बस्छौ पति बर्त दिनमा नौ ट्याम घिचेर
तिम्रो आनिबानी था छ मलाई पनि दिनमा नौ ट्याम घिचेर

केटी : अरुका बरै जान्छन् घर घरैमा म बैरागी जाने काँ
घोटेर सलाई बताइदेउन मलाई म बैरागी जाने काँ
बदाम र काजु भन्न दिनुस् दाजु कल्ले सक्छ मुख थुन्न
भन्नै नजानेर झन्नै गाको खेर कल्ले सक्छ मुख थुन्न

केटा : बाँस र बेतमा लौ गइरी खेतमा पराल तिम्रो धान हाम्रो
मलाई पनि देउन कुत भरेर लेउन पराल तिम्रो धान हाम्रो
बेतकाटी चाम्रो बरु मर्नै राम्रो दाग लागेको नराम्रो
बसीनौ घरमा तिमी चाबेलटारमा दाग लागेको नराम्रो

केटी : मातातिर्थदेखि नारानहिटीसम्म जोरै ठाउँमा जोरै ताल
एकबारको चोला नबिर्सनु होला जोरै ठाउँमा जोरै ताल

सिस्नाको झारमा जीवन फाल्ने हाम्लाई कल्ले गर्ला उपकार
आफ्ना भन्ने थेनन् बाउले ब्या गर्देनन् कल्ले गर्ला उपकार

(स्रोतः विष्णुमाया गुरूङ्ग, बोहोराटार)

## लौरी लेर गाको

लौरी लेर गाको टिपेर ल्याको बेलानी भाको बेलीजाई
ल्याको एउटा गुन छ सिरमा लाउन हुन्छ बेलानी भाको बेलीजाई
सर्पो बस्यो लौराँ यो फाँटेको दौराँ आकोछु खल्ती हाल्नलाई
हुन्छ कि हुन्न, हुन्न भने छुन्न आकोछु खल्ती हाल्नलाई

उमेर भाको अंश भागमा आको टारीमाईको लम्पट खेत
त्यसो भन्या हो त यसो भन्या पो त टारीमाइको लम्पट खेत
तरकारी लौका पऱ्यो भने मौका खोली दिउँला तिम्रो चेत
बनाई दिउँला ज्ञानी होस गर नानी खोली दिउँला तिम्रो चेत

सोह्रखुट्टे पाटी ढुङ्गा चाटीचाटी माउ माछाले खाने लेउ
गइहाल्यो चर्न उसकै भुँडीभर्न माउ माछाले खाने लेउ
लाली कम्मर कसी दिउँसोभित्र बसी राति बाइर निस्किन्छेउ
तिम्रो आनिबानी था छ मलाई पनि राति बाइर निस्किन्छेउ

चिरीच्याट्ट परी खटनपटन गरी धनकुटा र धरान
त्यसो भन्या हो त यसो भन्या पो त धनकुटा र धरान
एकराते दैले के के भनेँ मैले निकै लाग्यो सरम
वनका बिउलाई तिम्री दुई बैनीलाई निकै लाग्यो सरम

(स्रोतः हरिभक्त के.सी., पासीकोट)

## हलगोरु दुईटा

हलगोरु दुईटा भैंसीसित तीन्टा खै जाने र ल्याउने को
नहेर न यता यो मन आउँछ त्यता खै जाने र ल्याउने को
तिम्ले पनि भन्यौ मैले पनि जाने यस्तै बानी बसी गो
तिमी जस्ता तिग्रे कति बिग्रेबिग्रे यस्तै बानी बसी गो

मकै को रे ढिंडो कैले भोकै हिडँयो कैले मुला थिचेर
छैन रिसाएको बिन्ती बिसाएको कैले मुला थिचेर
ढुंग्री को रे पेच बस्नु परिरेछ हातले मुटु मिचेर
हाँसिरोउँ की रोइरउँ जीवन कता ओइराउँ हातले मुट मिचेर

(ठाडो भाका)

यो वनमा छैन क्यारे न्याउली कराउँदैन - २

डाँडै काटी गए पनि माया हराउँदैन मोरी, माया हराउँदैन

मथुरामा कृष्ण जन्मे गोकुलमा गोपी - २

तिम्रो हाम्रो भेट हुने आजै मात्र हो कि मोरी आजै मात्र हो कि

हिमालचुली पल्लोपट्टि हल्हलेको साग छ

जति हेर्यौं तिम्ले मलाई उति माया लाग्छ मोरी, उति माया लाग्छ

पत्थर काला बन्दुकी त उत्तर गयो गोली - २

काँ देखौंला तिम्रो मुहार काँ सुनौला बोली, मोरी काँ सुनौला ......

आउन प्रिय काखमा बस जीवनमा के छ

जीवनमा हाँसखेल गर्दा यस्तै हुँदोरेछ, मोरी यस्तै हुँदोरेछ

फलामे ताल्चा ऐले उल्टो काल्छ सिमी काट्ने हैस्याँले

सिमले धुपी माया अनरुपी सिमी काट्ने हैस्याँले

कलको पानी के गछ्र्यौंनी नानी कुत्कुल्याउदो वैंशले

बैनी लवर चट्टै भन्द्यौ झट्टैझट्टै कुत्कुल्याउँदो वैंशले

(ठाडो भाका)

पानी पऱ्यो रिमीझिमी गली गयो जिमी - २

माया गर्ने म पो रै छु निस्ठुरी चाइँ तिमी, मोरी निष्ठुरी .......

आमाबाबु गाली गर्छन् जा भनेर घर - २

ईश्वरले ठग्दाखेरी एक्लै परेँ तर, मोरी एक्लै परेँ तर

वरपर सबजनाको देख्दा माया जाल - २

त्यो मनमा वेदनाको उर्लिंदो हो छाल मोरी उर्लिंदो हो छाल

जान्छु भिरको टाकुरामा हालिदिन्छु फाल

त्यस्तो लाग्ला बैनी तिम्लाई बैराग चल्दाखेरी

हुन्न भन्ला भित्री मनले सम्झाइदेला फेरि

मालतीको फूलजस्तो जोवन तिम्रो गैगो

एकबारको जिन्दगीमा मरेजस्तै भैगो, मोरी मरेजस्तै भैगो

(स्रोतः हरिभक्त के.सी., पासीकोट, नारायणथान)

# परिच्छेद पाँच

# काठमाडौं जिल्लाको घाँसेगीतको वर्गीकरण र विश्लेषण

## ५.१ घाँसेगीतको वर्गीकरण

'घाँसेगीत' घाँसे र गीत दुई शब्दको संयोजनबाट बनेको शब्द हो । घाँस काट्न जाँदाआउँदा बढी गाउने प्रचलन रहेको हुँदा यसलाई घाँसेगीत भनिएको हो । यसलाई 'काँठे भाका' पनि भनिएको छ । मेलापात गर्दा, बसिबियाँलो गर्दा तथा विविध मनोरञ्जन गर्ने क्रममा पनि घाँसेगीत गाइने गरिन्छ ।

घाँसेगीत गाउँदा विशेषगरी दोहोरीका रूपमा केटा र केटीको समूह बनाई गाइने प्रचलन अधिक रहेको छ । यसो भएकाले एउटा विषयमा मात्र केन्द्रित नरहेर एउटै गीतमा विविध विषयहरू आउँछन् । घाँसेगीतमा पाइएका विषयवस्तुका आधारमा यसलाई अध्ययन गर्न सजिलो पार्न मुख्य तीन वर्गमा वर्गीकरण गरिएको छ । यिनै तीन वर्गमा राखेर सम्पूर्ण घाँसेगीतहरूको अध्ययन गर्न सकिन्छ ।

### ५.१.१ शृङ्गारमूलक घाँसेगीत

युवा-युवतीबीचको आकर्षणबाट उब्जिएका विभिन्न विषयका गीतहरूलाई शृङ्गारिक गीत भनिन्छ । प्रेम-स्नेहसम्बन्धी घाँसेगीतहरू प्रशस्त रहेका छन् । विशेषगरी दोहोरीको रूपमा गाउँदा प्रेम-वासना, यसबाट पाएको सुख शान्ति तथा दुःख-चोट आदिको बारेमा गाइने गरिन्छ । प्रेमभावबाट भएको सुखद अवस्था र आनन्दानुभूतिका बारेमा गाइएका घाँसेगीत संयोगान्त शृङ्गारअन्तर्गत पदछन् भने पीडा, विछोड आदि वर्णन गरिएका घाँसेगीत वियोगान्त शृङ्गारअन्तर्गत पर्दछन् । प्रेमाभाव अभिव्यक्त गर्ने क्रममा उच्छृङ्खल भावहरू पनि निकै आउने गर्छन् र अश्लीलताको तहसम्म पनि पुग्दछन् ।

असारको धान रोपाईंको अवसर पारेर पनि घाँसेगीतहरू गाउने गरिन्छ । यस्तो बेला रोपाहारका लागि लोकगायकहरूको दुईजोडी बनाई श्रमिकहरूलाई मनोरञ्जन दिने गरिन्छ भने रोपाहारहरू नै पनि केही क्षण विश्राम गर्ने क्रममा गीतमा सहभागी हुने गर्छन् । यसरी रोपाहार तथा रमितेहरूलाई मनोरञ्जन प्रदान गर्दा माया-पिरतीका विषय नै बढी रुचाइने हुनाले सोही विषयमा दोहोरी चल्छ । दोहोरी खेल्ने क्रममा शृङ्गारिकतालाई जति प्रगाढ गर्दै लग्यो उति वातावरण रोमाञ्चित र उत्तेजित हुने भएकाले गायक-गायिकाहरू रौसिंदै जान्छन् र कतिपय अवस्थामा यस्ता शृङ्गारिक घाँसेगीतहरूले सीमाना नाघ्ने पनि गर्छन् । यस्तो समयमा अरू सामान्य अवस्था जस्तो यसलाई गम्भीर रूपमा लिइँदैन ।

घरगृहस्थी सञ्चालनको क्रममा अभिव्यक्त गरिएका सर-सहयोग आदि विषयका प्रेमभाव भएका घाँसेगीतहरू पनि गाइने गरिन्छ । 'मैले विधवा हुनु नपरोस्', 'तिम्रो काल बरू मलाई नै आई मै अघि हुन पाऊँ', 'तिमी मेरो हृदयका देवता हौ' भन्नेजस्ता भाव केटीपक्षबाट व्यक्त गर्ने गरिन्छ भने केटापक्षले पनि 'तिमी दिलकी प्यारी हौ', 'घरकी लक्ष्मी हौ', भन्नेजस्ता भाव व्यक्त गर्छन् ।

शृङ्गारिक विषयलाई नै केन्द्रमा राखी व्यङ्ग्य र घोचपेच पनि गर्ने गरिन्छ । घोचपेच केटापक्षका समूहबाट केटीपक्षका समूहलाई तुलनात्मक रूपमा बढी गर्ने गरेको पाइन्छ ।

दिन र खान क्यै पर्दैन हामलाई मुखै देखे संतोक
के बस्यो मैंमा तिम्रो आँखीभौंमा मुखै देखे संतोक (विश्वेश्वरलाई रेलमा)

यहाँ युवायुवतीका बीचमा भएको प्रेम अभिव्यक्तिलाई राम्रोसँग देखाएको छ । गरिबी कै कारणले मात्र हाम्रो प्रेम असफल हुन्न । दिन र खान क्यै नसकेपनि तिम्रो मुहार हेरेरै मन बुझाउन सकिन्छ भनेर प्रेमिकाले प्रेमीलाई आफ्नो प्रेमभाव व्यक्त गरेकी छिन् ।

खा छु खोले फाँडो बसीरैछु राँडो, पोइल जाने को-को छौ
ऐनाको रे फूलमा यत्रा गंजागोलमा, पोइल जाने को-को छौ ( दूधको रे तरमा)

वयस्कअवस्थामा पुगेको एउटा अल्लारे युवकले उत्ताउलो पारामा युवतीहरूको भिडमा गई निर्लज्ज शैलीमा आफ्नो प्रेमभावलाई प्रस्तुत गरेको छ ।

## ५.१.२ संस्कृतिमूलक घाँसेगीत

काठमाडौँ जिल्लामा लोकगीतको प्रभाव रहेको क्षेत्रको रूपमा काँठ क्षेत्रलाई लिइन्छ । काँठ क्षेत्र भन्नाले काठमाडौँ जिल्लाको सीमाना क्षेत्रतिर पर्ने, उपत्यकालाई घेरेर रहेको डाँडाका फेदतिर भन्ने बुझिन्छ । यस क्षेत्रमा अहिलेसम्म पनि ग्रामीण वातावरण पाइन्छ । खेतीपाती गर्ने, वस्तुभाउ पाल्ने आदि क्रियाकलाप यहाँ हुन्छन् । यस किसिमको वातावरण भएकाले यहाँ परम्परित रूपमा चल्दै आएका ठेट लोकगीतहरूमध्ये घाँसेगीत रहँदै आएको छ । यो गीत यहाँ पाइने गीतहरूमध्ये सबैभन्दा लोकप्रिय र प्रख्यात रहेको छ ।

लोकगीतमा स्थानीय प्रभाव कुनै न कुनै रूपमा अवश्य पर्ने भएअनुरूप घाँसेगीतमा पनि यस काँठ क्षेत्र समाजको विविध पक्षहरूको प्रभाव पाइन्छ । लोकगीतको प्रकृति नै व्यक्तिका आन्तरिक कुण्ठाहरूभन्दा देखे-सुनेका विषयहरूलाई सामूहिक रूपमा चित्रण गर्ने भएकाले सामाजिक विषयका विभिन्न पक्षहरू स्वाभाविक रूपमा आउने गर्दछन् । सामाजिक घाँसेगीतमा यसै समाजभित्रका दैनिक रूपमा चल्दै आएका स-साना कुराहरूदेखि लिएर समाजमा घटेका, भएका ठूला-ठूला घटना, परिस्थिति आदिको पनि उल्लेख पाइन्छ । यहाँ सङ्कलित घाँसेगीतमा पनि सेनामा जागिर खानु परेकाले घरमा समय दिन नसकेकोमा आफ्नी मायालुप्रति दुःख व्यक्त गरेको, धारापानी आउनेजाने, घाँस-दाउरा गर्ने क्रममा केटा-केटीबीच छेडखानी चलेको जस्ता विषयहरू देखिएका छन् ।

काठमाडौँमा सबै धर्मका मानिसहरूको बसोबास रहँदै आए पनि हिन्दू धर्मावलम्बीहरूको आधिक्यताका कारण यहाँको संस्कृतिमा सोहीअनुरूपको छाप छ । हिन्दू धार्मिकग्रन्थमा पाइएका हनुमान, राम, कृष्ण आदि नायकहरूले यहाँको संस्कृतिलाई धेरै हदसम्म प्रभावित पारेको छ, जसले गर्दा यी लोकप्रिय पात्रहरू सांस्कृतिक नायकका रूपमा स्थापित छन् । यहाँका घाँसेगीतहरूमा पनि यी नायक र यिनका प्रसङ्गका विविध घटनाहरू पाइने गरिन्छ । यसका अतिरिक्त नारीहरूले व्रत बस्ने परम्परा र त्यसप्रति व्यङ्ग्यजस्ता कुराबाट संस्कृतिका कतिपय पक्षमाथि आलोचनात्मक अभिव्यक्ति आउने गरेको पाइन्छ । काठमाडौँका विभिन्न ठाउँहरूमा चल्दै आएका मेला, जात्रा, धार्मिकअनुष्ठान आदिका बारेमा पनि घाँसेगीत गाइने

गरेको छ । मछिन्द्रनाथको रथयात्रा, बाह्रवर्षे मेला आदिका बारेका प्रसंगहरू घाँसेगीतमा पाइन्छन् ।

केटा : शुक्रबार पर्‍यो ओछ्यान ठूलो लाउली पालो पर्‍यो भन्दिनु
राइफलको जागिर बस्नै पर्‍यो आखिर पालो पर्‍यो भन्दिनु (पाटनको भनौं)

यहाँ जागिर खाने क्रममा विदेसिनु पर्ने हाम्रो सामाजिक संरचनालाई देखाइएको छ । शुक्रबारको विदामा श्रीमान् आउलान् भनी ठूलो ओछ्यान लाए पनि आफू आउन नसक्ने बाध्यतालाई देखाएको छ ।

कैले बालुवा बोक्छु, कैले भाँडा मोल्छु दुईटा बच्चा पाल्नलाई
कस्तो दुःख पाको स्वामी स्वर्गे भाको, दुईटा बच्चा पाल्नलाई (एक र मुट्ठी)

समाजका विपन्न वर्गका जनसमुदायले भोग्नुपरेको यथार्थलाई यहाँ देखाइएको छ । एउटी विधुवाले बेहोर्नु परेको आर्थिक दुरावस्थालाई अत्यन्त मार्मिक ढंगमा प्रस्तुत गरिएको छ ।

दैवलाई पनि दैव लाग्दो रैछ, मछिन्द्रको ढल्यो रथ
फलामे ताल्चा ऐले उल्टो काल्छ, मछिन्द्रको ढल्यो रथ (दूधको रे तरमा)

यहाँको पंक्तिले काठमाडौँ उपत्यकाको धार्मिक तथा सांस्कृतिक पक्षलाई देखाएको छ । मछिन्द्रनाथको रथ तान्ने काठमाडौँको संस्कृतिलाई यसले चित्रण गरेको छ ।

## ५.१.३ इतिहास-राजनीतिमूलक घाँसेगीत

लोकगीत मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आउने भएकाले पहिले-पहिले भए-गरेका, देखेसुनेका विभिन्न क्रियाकलाप पनि लोकगीतमा समाविष्ट भई पछिल्ला पुस्ताहरूमा प्रसार भइरहन्छन् । यसबाट कतिपय ऐतिहासिक तथा राजनैतिक विषयहरू पनि लोकगीतमा आउने गर्छन् । घाँसेगीतमा पनि यस्तै किसिमबाट आएका विभिन्न ऐतिहासिक-राजनैतिक प्रसङ्गहरू पाइएका छन् ।

घाँसेगीतमा ऐतिहासिक तथा राजनैतिक विषयहरू विभिन्न प्रसङ्गमा आउने गर्छन् । यहाँको गीतको एक चरणलाई फेद र टुप्पा भनी छुट्याउने हो भने यस्ता ऐतिहासिक-राजनैतिक विषय फेदमा आउँछन् र गीतमा भन्नुपर्ने मुख्य कुराको भूमिका मात्र बाँध्ने गर्छन् भने टुप्पामा चाहिँ भन्न खोजिएको मुख्य कुरा आउने गर्छ ।

यहाँ सङ्कलन गरिएका घाँसेगीतमा ऐतिहासिक र राजनैतिक विषय प्रसङ्गहरू विभिन्न ढङ्गबाट आएका छन् । नब्बेसालमा आएको भुइँचालो र त्यसबाट भएको क्षति, विश्वविद्यालय, भन्सार आदि देशका मुख्य संस्था अड्डाअदालत आदि बनेको प्रसङ्ग तथा तिथिमितिहरू, विभिन्न कालका राजारानी - भाइभारदारहरूका कुराहरू आदि ऐतिहासिक विषयका रूपमा आएका छन् । विभिन्न नेताहरूको आन्दोलन, तिनीहरू जेल परेको विषय, विभिन्न कुटनीतिक नियोगहरूका प्रसङ्गहरू, राजाको सर्वोच्च स्थान भएका विभिन्न कुराहरू आदि राजनीतिक विषयका रूपमा आउने गर्छन् ।

उईले नब्बेसालमा लै भूइँचालो आयो लै पिर्थिवी काँमेर
हो कि होइन तर सोध वरपर लै पिर्थिवी कामेर

वि.सं. १९९० सालमा गएको प्रलयकारी भूकम्पको ऐतिहासिक सन्दर्भलाई यहाँ देखाइएको छ ।

गोरे भारतीले लैनचौर लियो बौद्ध लियो चाइनाले
नेपाल भयो लाउर धनकै रै छ पाउर बौद्ध लियो चाइनाले

भारती र वेलायती दूतावसले लौनचौरमा लिएको विशाल भूमि र बौद्धमा चाइनाले जमाएको प्रभावप्रति यहाँ व्यङ्ग्य गरिएको छ ।

## ५.२ घाँसेगीतको विश्लेषण

एउटा निश्चित मापदण्ड वा कोणबाट विश्लेषण गर्दा स्पष्ट र प्रभावकारी हुने भएको हुँदा यहाँ सङ्कलन गरिएका घाँसेगीतहरूलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

### ५.२.१ शब्दशक्तिका आधारमा

शब्दशक्ति भन्नाले शब्दले बुझाउने खास अर्थ भन्ने बुझिन्छ । हरेक सार्थक शब्दहरूको श्रवण गरेपछि यसको एउटा बिम्ब मानिसले मनमा बनाउने गर्छ र प्रसङ्ग, परिवेश आदिका आधारमा अर्थबोध पनि गर्छ । भाषाका माध्यमबाट हुने यही अनुभूतिको आदानप्रदान नै शब्द हो । "एकै शब्दले साहित्यिक अभिव्यक्तिमा अनेक अर्थ सञ्चार गर्न सक्छन् । यस्तो शब्दले अर्थबोध गराउने सामर्थ्यलाई नै शब्दशक्ति भनिन्छ ।"[५] शब्दशक्ति तीन किसिमका हुन्छन् । यी अभिधाशक्ति, लक्षणाशक्ति र व्यञ्जनाशक्ति हुन् । लोकगीत पनि साहित्यिक अभिव्यक्तिको एउटा विधा भएकाले विभिन्न अर्थ लाग्ने गरी अभिव्यक्ति दिने र त्यसबाट काव्यिक आनन्द लिने परम्परा छ । यहाँ सङ्कलित घाँसेगीतमा पनि शब्दशक्तिका यी तीनै प्रकारहरू पाइने गरेको छ ।

#### ५.२.१.१ अभिधामूलक

वक्ताले प्रयोग गरेको भाषाको सीधा र उही अर्थ बुझाउने अभिधाशक्ति हो । घाँसेगीतमा प्राय: यही अर्थशक्तिको प्रयोग भएको पाइन्छ । आफ्ना मनमा लागेका कुरा अरूलाई बुझाउनु पर्दा स्पष्ट र ठीक त्यही अर्थ लाग्ने गरी भन्नु आवश्यक भएकाले घाँसेगीतमा यस्ता अभिधा अर्थयुक्त अभिव्यक्ति अधिक रहने गर्छन् ।

लाग्यो असार मैना 'भेटघाट छैन' दर्शन पाउनै मुस्किल भो
मेलापातमा म ता तिमी कता कता दर्शन पाउनै मुस्किल भो (लाग्यो असार मैना)
        पूर्णेको जून मलाई तिम्रो हुन मनमा यति रहर भो
        भनेर मैन यो खप्परमै छैन मनमा यति रहर भो (पानीलाई पऱ्यो)
जता माया लायो उतै भताभुङ्ग धिक्कार मेरो के कर्म

---
[५] विष्णुप्रसाद पौडेल, संस्कृत काव्यशास्त्र, २०५७, भुँडी पुराण प्रकाशन, बागबजार, पृष्ठ ३५ ।

अभागी खप्पर जाँ गए नी ठक्कर धिक्कार मेरो के कर्म (जता माया लायो)

### ५.२.१.२ लक्षणामूलक

वक्ताले भनेको कुराभन्दा भिन्न हुने गरी यसमा अन्तरनिहित कुरालाई बुझाउने शब्दशक्ति लक्षणा हो । वक्ताले भनेको अभिव्यक्तिको मुख्यार्थमा बाधा उत्पन्न भएपछि त्यसको आशय पत्ता लगाई बुझ्नुपर्ने हुन्छ । घाँसेगीतमा लाक्षणिक अभिव्यक्तिहरू प्रशस्तमात्रामा प्रयोग गरिएका हुन्छन् । विशेषगरी माया, प्रेमसम्बन्धी कुराहरूको भनाइ लाक्षाणिक रूपमा नै हुने गर्छन् । अश्लील अभिव्यक्तिलाई केही सरल र कम अश्लील पार्न घुमाउरो ढङ्गमा भनिने गरिन्छ ।

आङ्मा एउटा झुम्रो टाङ्गमुनि मुङ्ग्रो यति भए हुन्न र
वनका बिऊलाई तिमी दुईबैनीलाई यति भए हुन्न र (दूधको रे तरमा)

आङ्मा एउटा झुम्रो र टाङ्मुनि मुङ्ग्रो भए तिमी दुई दिदीबहिनीलाई अरू के चाहियो र ? भन्ने सीधा अर्थ हेरेमा अर्थ बुझ्न गाऱ्हो हुन्छ । तर आङ्को झुम्रो भनेको एकसरो कपडा र टाङ्को मुङ्ग्रो भनेको पुरूष यौन जनेन्द्रीय भन्ने अर्थ राखेर हेरेमा यौन आनन्द र एकसरो लगाउन पाए अरू के चाहियो र ? भन्ने अर्थ खुल्छ ।

केटा : यता सुन नानी खै हालेको पानी जरै गयो सुकेर
भन्न नजानेर झण्डै गाको खेर जरै गयो सुकेर
केटी : क्यै छिनको साथले मेरो आशीर्वातले आउँछ फेरि मौलार
लौ हिंड घराँ यो सुकेको जराँ आउँछ फेरि मौलाइ (तीनसय साठ्ठी)

यहाँ केटाले केटीलाई "तिमीले पानी नहाल्नाले जरै सुकेर गयो" भन्दै केटीको सहवास नपाएर मनमस्तिष्क जीर्ण भएको व्यहोरा बताएको छ भने केटीले पनि "मेरो आशीर्वादले" भन्दै साथ दिई जरा सुक्न नदिने वचन दिएकी छे ।

### ५.२.१.३ व्यञ्जनामूलक

वक्ताले प्रयोग गरेको एउटै भनाइको विभिन्न अर्थ लाग्छ भने त्यस्ता भनाइलाई व्यञ्जना शब्दशक्ति भनिन्छ । प्रसङ्ग र परिवेशले यसको अर्थ चमत्कृत र प्रभावपरक हुने गर्छ । साहित्यमा यस्तो अभिव्यक्तिलाई महत्त्वपूर्ण मानिन्छ । घाँसे लोकगीतमा कहीँकतै यस्ता अभिव्यक्तिहरू पनि आउने गर्छन् । यहाँ सङ्कलित घाँसेगीतमा पाइएका केही व्यञ्जना शब्दशक्ति भएका गीतहरू यसप्रकार छन् :

माउरीको रानी कति सम्झाइरने यस्ता उरन्ठेउलीलाई
जता ओल्टोकोल्टो उतै थाप्छन् पोल्टो यस्ता उरन्ठेउलीलाई (पानीलाई पऱ्यो)

यहाँ पोल्टो थाप्ने बानी भन्ने अभिव्यक्तिले युवतीको लोभी चरित्रलाई एकातिर देखाएको छ भने अर्कोतिर "पोल्टो" भन्ने शब्दले स्त्री जनेन्द्रीयलाई बुझाएर युवतीलाई कामुक चरित्र भएकी उरन्ठेउली भन्ने अर्थ पनि लगाएको छ ।

भन्न त भन्यौ तर सानुमाया साझा खेती चल्दैन
घरमा होला लोग्ने नौ घान मकै ठोक्ने साझा खेती चल्दैन (पानीलाई पऱ्यो)

यहाँ घरमा काम गर्न सक्ने श्रीमान भएकोले एक्लैले खेती गर्न सकिहाल्छौ, साझा किन गर्नु पऱ्यो भन्ने अर्थ एकातिर लगाइएको छ भने नौ घान मकै ठोक्न सक्ने मुसल जस्तो यौनाङ्ग भएको श्रीमान हुँदाहुँदै चारैतिर यौन कामना गर्दै किन हिँड्नु पऱ्यो भन्ने अर्थ पनि आएको छ ।

## ५.३ रसका आधारमा

काव्यशास्त्रअनुसार विभाव, अनुभाव र व्यविचारी भावको संयोगबाट रसको उत्पत्ति हुन्छ । यसलाई सरल भाषामा भन्नुपर्दा कलात्मक अभिव्यक्तिबाट पाइने चरम काव्यिक आनन्दलाई रस भनिन्छ । मानिसका मनमा स्थायी रूपमा रहने मुख्य नौवटा भावहरूको आधारमा रसलाई पनि नौवटा मानिएको छ । साहित्यिक वा कलात्मक अभिव्यक्तिहरू यिनै नौ स्थायी भाव भित्रबाट हुने गर्छन् । संस्कृत काव्यशास्त्रमा भएका नवरसका आधारमा पनि घाँसेगीतहरूको अध्ययन गर्न सकिन्छ ।

### ५.३.१ शृङ्गाररसप्रधान

रस चर्चाको क्रममा अधिक लोकप्रिय हुने गरेको शृङ्गार रस नै यहाँ सङ्कलित घाँसेगीतहरूमा बढी प्रयोग भएको छ । घाँसेगीत सामूहिक, एकल, दोहोरी जसरी गाउने गरे पनि काठमाडौंमा मुख्य रूपमा दोहोरी घाँसेगीत गाउने प्रचलन अधिक रहेको छ । यसरी केटाकेटीबीच दुईजोडी बनाई दोहोरी गाइने भएकाले अन्य रसका तुलनामा शृङ्गार रस नै अत्याधिक हुने गर्छ ।

शृङ्गार रसमा पनि संयोगान्त र वियोगान्त गरी छुट्याइएका दुवै विभेदहरू घाँसेगीतमा पाइन्छन् । यसमा पनि सम्भोग अर्थात् संयोगन्त शृङ्गार रसप्रधान घाँसेगीत अधिक हुने गर्छ भने विप्रलम्ब अर्थात् वियोगान्त शृङ्गार रसप्रधान घाँसेगीत तुलनात्मक रूपमा कम हुने गर्छ ।

शृङ्गारलाई शिष्ट र अशिष्ट गरी छुट्याउने हो भने यहाँ दुवै किसिमका गीतहरू पाइन्छन् तर अशिष्ट शृङ्गारभन्दा स्वभाविक रूपमा शिष्ट शृङ्गार नै अधिक पाइन्छन् ।

दिन र खान क्यै पर्दैन हामलाई मुखै देखे सन्तोक
के बस्यो मै मा तिम्रो आँखीभौंमा मुखै देखे सन्तोक (संयोग शृंगार, विश्वेश्वरलाई रेलमा)

आफ्नो प्रेमीको समीपमा रहन पाए खान लाउन पनि नपर्ने भन्दै प्रेमिकाले आफ्नो प्रेमाभाव देखाएकी छे । प्रेमीको आँखीभौमा मन बसेको पनि बताएकी छे । यसरी यहाँ शृङ्गार रस प्रकट भएको छ ।

राम सीताको पनि छुट्यान हुन गयो त्यस्तै विश्वास नगर्दा
बरबर आँसु भयो वन पस्नु पऱ्यो त्यस्तै विश्वास नगर्दा (वियोग शृङ्गार, दूधको रे तरमा)

यहाँ विश्वासको अभावमा प्रेमी-प्रेमिकाको वियोग भएको प्रसङ्ग देखाइएको छ । प्रेमको आधारनै विश्वास हो भन्ने कुरालाई पुष्टि गर्न राम सीताको पनि उदाहरण दिइएको छ । यसरी यहाँ विप्रलम्व शृङ्गार रस देखाइएको छ ।

### ५.३.२ हास्य रसप्रधान

काठमाडौं जिल्लाका घाँसेगीतमा शृङ्गार रसपछिको दोस्रो स्थानमा हाँस्यरस अधिक पाइन्छन् । केटाकेटीबीच छेडछाड चल्दा, एक आपसमा व्यङ्ग्य गर्दा र श्रोताहरूलाई अधिक मनोरञ्जन प्रदान गर्न नियोजित रूपमै हसाउने गर्दा हास्यरसको प्रयोग भएको छ । घाँसेगीत गायनको क्रममा बीचबीचमा प्रयोग हुने अश्लीलजस्ता लाग्ने अभिव्यक्तिहरूमा पनि हाँसो सुनिन्छ । असारमा धान रोप्दा हिले खेतमा गोरु कुदाउँदा, रोपाहार, हली-बाउसेबीच हिलो छ्यापाछ्याप गर्दा, काम गर्ने क्रममा चिप्लो हिलोमा रोपाहार चिप्लेर लड्दा वातावरण नै हाँसोलाग्दो हुने भएकोले त्यसको प्रभाव पनि घाँसेगीतमा पर्ने गर्छ ।

भँगेरोलाई मारेँ ठूलो दशैं टारेँ बञ्चरोले काटेर
भागी लाएँ हेर तैनी गयौ खेर बञ्चरोले काटेर
फापरको बोटमा भ्कुन्डिएर मर्छु भुसको डोरी बाटेर
आँटेको कुरा भैन भने पूरा भुसको डोरी बाटेर ।

यहाँ भँगेरोलाई बन्चराले काटेको, यसले ठूलो दसैं पनि टारेको, एउटा भँगेरो काटेर भाग लाउँदा पनि अझै मासु खेर गएको प्रसङ्गबाट तथा भुसको डोरी बाटेर फापरको बोटमा भ्कुण्डिएर मर्ने प्रसङ्गबाट हास्य रस देखाइएको छ ।

### ५.३.३ करुण रसप्रधान

आफूलाई परेको पीर-व्यथा सुनाउने क्रममा घाँसेगीतमा करुण रस पनि भेटिएको छ । आर्थिक दुरावस्थाको मारमा परेर, उच्च वर्गीय साहू-जमिनदार आदिबाट पिल्सिनु परेको, आफ्नो नातेदार, परिवारको मृत्यु हुन गएको आदिजस्ता कारणहरूबाट घाँसेगीतमा कारुणिकता सिर्जना भएको हुन्छ । आफूभित्र गुम्सिएर रहेका चोट, पीडा आदि भावनाहरूको अभिव्यक्तिबाट मनलाई हलुङ्गो पार्ने माध्यमको रूपमा कारुणिक घाँसेगीतहरू रहेका छन् ।

मिसरी काँडा दबाई किनी खाँदा रिन माथि रिन लागो
बेचीसकें सबै उपचार नभई रिन माथि रिन लागो (पाटनको घैया)

यहाँ बिमारको कारणले आर्थिक अवस्था भ्कन्भ्कन् दयनीय हुँदै गएको, ऋण लाग्न थालेको कारुणिक अवस्थालाई देखाइएको छ ।

कैले बालुवा बोक्छु कैले भाँडा मोल्छु दुईटा बच्चा पाल्नलाई
कस्तो दुःख पाको स्वामी स्वर्ग भाको दुईटा बच्चा पाल्नलाई (एक र मुट्ठी)

यहाँ, आर्थिक दुरावस्थाको कारणले एकातिर कष्टप्रद काम गर्दै हिँड्नु परेको र अर्कोतिर श्रीमान् पनि बितेकाले पतिशोकको वेदना पनि खप्दै छोराछोरी पाल्न विवश एक महिलाको कारुणिक चित्र प्रस्तुत गरिएको छ ।

घाँसेगीतमा मुख्यतया यिनै ती रसहरू अधिक रूपमा पाइन्छन् । यसका अतिरिक्त शान्त र वीर रसहरू पनि प्रसंगमा कहीँ कतै सुन्न पाइए पनि विभत्स र अद्भूत रसहरू भने सामाग्री सङ्कलनको क्रममा यहाँ फेला पर्न सकेनन् ।

## ५.४ गायकीका आधारमा विश्लेषण

गीत गाउने क्रममा अपनाइएका शैलीलगायतका अभिव्यक्तिगत कौशललाई गायकी भनिन्छ । गायकी गीतअनुसार फरक-फरक हुने गर्छ भने गायकअनुसार पनि विभिन्नता पाइन्छ । खास गरी लोकगायकहरूले सङ्गीतको विधिवत् औपचारिक अध्ययन गरेका हुँदैनन् तर उनीहरूमा साङ्गीतकि चेतना भने प्रचुर मात्रामा हुन्छ । आफ्ना अग्रज लोकगायकहरूले गाएको सुनेको आधारमा उनीहरूले आफ्नो प्रतिभालाई प्रशोधन गर्छन् । यसले गर्दा उनीहरूको गायन प्राकृतिक हुन्छ । कृत्रिमता हुँदैन । घाँसेगीतमा पनि यस्तै सहजता र प्राकृतिकता हुन्छ । त्यसैले यो काठमाडौँ उपत्यकाको ठेट लोक भाकाको रूपमा परम्परादेखि चलिआएको देखिन्छ ।

सुरुमा विस्तारै भाका हाल्दै अन्त्यमा एउटै स्वरमा अडिएर लामो लेग्रो तान्दै यसका प्रत्येक पाउ गाइने गरिन्छ । यसको गति कहिले मन्द र कहिले तीव्र हुँदै अगाडि बढ्ने भएकाले निश्चित तथा सामान लय हुँदैन जसले गर्दा यसमा बाजाहरू बजाइँदैन । निश्चित तालमा यी गीतहरू नगाइने हुनाले तालबाजाहरूको प्रयोग गरिँदैन भने हारमुनियम, सारङ्गीजस्ता सुरबाजाहरू गीत सँगसँगै बजाउँदै भाकालाई अझ प्रगाढ पारी थप मनोरञ्जन प्रदान गर्ने प्रचलन बढ्न थालेको देखिन्छ ।

घाँसेगीतभित्र पनि स-साना स्वर गठनलाई फरक-फरक ढङ्गले उठाउँदै भाकालाई पृथक पार्ने र गीतमा नयाँपन दिने प्रवृत्ति पाइन्छ । समग्र घाँसेगीतभित्र पनि विभिन्न भाकाहरू छन् तर पनि प्रत्येक भाकामा पाउको अन्त्यमा लामो लेग्रो तानी गाउने शैलीले गर्दा सुन्नेबित्तिकै यो घाँसेगीतको भाका हो भनी छुट्याउन सकिन्छ ।

लोकगीतमा थेगोको प्रयोग अधिक हुने भएअनुरूप घाँसेगीतमा पनि गायकको इच्छानुसार भाकामा मिल्नेगरी थेगोको प्रयोग गरिन्छ । लामा पदावलीका रूपमा रहेको थेगोलाई रहनी भनिन्छ । ". . . थेगोले एउटा वा दुईटा शब्दमात्र भन्छ जुन स्पष्ट हुँदैन तर रहनीमा भने गीत फर्काइने एउटा उपवाक्य जस्तै हुन्छ . . . ।"[६]

घाँसेगीतमा रहनीको प्रयोग पनि भएको पाइन्छ । नारान (गीतः हिँड चाँडो चाँडो), हे बैनी (गीतः नेपालको हावा), सलाम सानुमाया (गीतः तिर्सुली गङ्गा) आदिजस्ता थेगोहरू र मेरो

[६] दीपक जंगम र बेनी रावल, 'संगीत सुरभी', २०५७, भृकुटी पुस्तक तथा मसलन्द भण्डार, प्रदर्शनी मार्ग, काठमाडौं, पृष्ठ १२४ ।

हियाराले कठै त्यसो नभनन (गीतः थापार रे थली), पिपल परै बसन (गीतः बाढी आयो हल) जस्ता रहनीहरूको प्रयोग यस सङ्कलनमा पाइएको छ ।

घाँसेभाकामा गीत गाउँदागाउँदै कोही-कोही गायकहरूले बीचमा नयाँपन वा अर्कै स्वाद दिनको लागि भट्याउने तथा ठाडा भाकामा केही चरणहरू गाउने पनि गरिएको पाइएको छ । यस्ता बेलामा श्रोताहरू बढी आनन्दित र रामाञ्चित हुने गर्छन् ।

## ५.५ संरचनाको आधारमा विश्लेषण

चार पाउको एक अनुच्छेद भई एउटा चरण पूरा हुनेगरी घाँसेगीत संरचित हुन्छ । अर्थात् चार आवर्तनको एक चरण हुन्छ । यी चार आवर्तनमा माथिल्लो दुई आवर्तन प्रायःजसो भूमिका वा पृष्ठभूमिको रूपमा आउने गर्छ र तल्लो दुई आवर्तनमा भन्नुपर्ने मुख्य कुरा भनिन्छ । माथिल्लो दुई पंक्तिलाई फेद र तल्लो दुई पंक्तिलाई टुप्पा भनिन्छ । फेद प्रायः असान्दर्भिक हुन्छ । केवल तुक मिलाउनका लागिमात्र आएको हुन्छ भने कतैकतै तुक मिलाउने सन्दर्भमा प्रसङ्ग पनि मिलेर आएको हुन्छ । कहिलेकाहीँ फेद केवल प्रसङ्गमा मात्र नआएर टुप्पा अर्थात् मुख्य सन्दर्भकै एक अंश भएर पनि आएको हुन्छ । यस्तो अनुच्छेद चाहिँ बढी सशक्त र प्रभावशाली हुन्छ ।

एक पाउमा १९ मात्रा रहेको हुन्छ । कतै कतै १८ मात्राको पाउ पनि हुने गर्छ । यसो भयो भने गायनको लेग्रो तानेर अर्थात् स्वरलाई एक मात्रा विस्तार गरी मिलाइन्छ । १८ मात्राभन्दा कम शब्दावली भएमा बीचमा 'रे', 'लै', 'मा' जस्ता एकाक्षरी निपात लगाई छन्द मिलाउने गरिन्छ । शास्त्रीय नियमसरह ठीकठीक छन्द मिलेको हुँदैन जसले गर्दा घाँसेगीतमा गति र यति देखाउन सकिँदैन । तालरहित गायन भएकाले यसो गर्न झन् कठिनाइ पनि देखिन्छ । तैपनि सामान्यतया बुझ्नको लागि ६, ६, ४, ३ मात्राहरूमा विश्राम गर्दै गाएमा घाँसेगीत गाउन र बुझ्न सजिलो पर्छ ।

## ५.६ भाषिक प्रयोग

लोकगीतमा स्थानीय रूपमा बोलिने शब्दावलीको प्रयोग हुने भएअनुरूप घाँसेगीतमा पनि यस्ता शब्दावलीको प्रशस्त प्रयोग हुने गरेको छ । काठमाडौँको काँठ क्षेत्रतिर मुखसुख वा उच्चारणको सुविधाको कारणले कतिपय शब्दहरूका बीचमा अक्षर लोप गराई उच्चारण गर्ने गरिन्छ । नाराणको ठाउँमा 'नारान', भएकोको ठाउँमा 'भाको' आदि उच्चारण गरिन्छ । 'मा' विभक्ति लोप गराई अगाडिको अक्षरमा अनुनासिक ध्वनि निकालिन्छ । वनमा जान्छु लाई वनाँ जान्छु, "साउनमा पानीपर्छ" लाई "साउनाँ पानी पर्छ" भनी उच्चारण गरिन्छ । यस्तो उच्चारणको प्रभाव घाँसेगीतमा पनि परेको छ ।

पुर्षोत्तम मैना (महिना) नारान (नारायण) थानमा गैन . . . (त्रिशुली गङ्गा)

शब्दको अन्त्यमा आएको 'ओ' स्वरको स्थानमा प्रायःजसो 'आ' उच्चारण गरिन्छ । घाँसेगीतमा यस किसिमको प्रयोग धेरै भएको पाइन्छ । राम्रो, तिम्रो आदि शब्दलाई राम्रा, तिम्रा भनी प्रायः उच्चारण गरिन्छ ।

राम्रा राम्रा आए राम्रै माया लाए . . . (जता माया लायो)

काठमाडौँ देशकै राजधानी भएकाले यहाँ प्रशस्त अङ्ग्रेजी भाषाको प्रयोग हुने गर्छ । काठमाडौँको ग्रामीण क्षेत्रतिरका सोझा, सीधा जनताले पनि अङ्ग्रेजी शब्दको अनुकरण आफ्नै अनुकूलमा गर्ने गरेका छन् र घाँसेगीतमा पनि यसको प्रभाव परेको छ । 'मेल्ट्री'लाई 'मिल्टरी', 'टाइम'लाई टेम वा ट्याम आदि यसका उदाहरण हुन् ।

मेल्टरीमा जागिर न त खानु रैछ . . . (नेपालको हावा)

## ५.७ स्थानीय जनजीवनको चित्रण

काठमाडौँ का घाँसेगीतमा यस जिल्लाको सामाजिक, राजनितिक, आर्थिक, सांस्कृतिक क्षेत्रका विविध पक्षहरूको चित्रण भएको छ । देशकै ठूलो शहरी जिल्ला भएकाले बाह्य संस्कृतिको प्रभाव पनि प्रशस्त रहेको र ग्रामीण क्षेत्रका जनताहरूको चाहिँ परम्परित शैलीमा नै जीवनयापन भइरहेको हुनाले यहाँको जनजीवन संक्रमित अवस्थाको छ । यहाँका काँठ क्षेत्रतिर यसको टड्कारो दृश्य देख्न सकिन्छ । घरमा अत्याधुनिक भौतिक सर-सामान पनि राखिएको हुन्छ, गोठमा गाईवस्तु पनि पालिएको हुन्छ । यस्तै संस्कृतिको झलक घाँसेगीतमा पाइन्छ । गीतका विभिन्न प्रसङ्गमा शिवपुरी, रानीवन, टुँडिखेलजस्ता स्थानहरूको पनि नाम आउने गर्छ ।

रानी र वनको हो चिरुवा दाउरा आर्यघाटमा . . .
सिंह र दरबार हो झिली र मिली . . . (तीनसय साट्ठी)

धार्मिक रूपमा प्रसिद्ध स्थलहरू पशुपतिनाथ, स्वयम्भू, दक्षिणकाली, नारायणथान आदिका प्रसङ्गहरू आएका छन् ।

पशुपति जाने दै र च्यूरा खाने वनकालीमा ताप्ने घाम (लाग्यो असार मैना)

इतिहासदेखि समयसमयमा घट्तै आएका विभिन्न साना-ठूला घटना, प्राकृतिक प्रकोपहरूको उल्लेख घाँसेगीतमा भएका छन् । जनआन्दोलन २०६३ का समयमा भएका लोकतान्त्रिक गतिविधिहरूलाई पनि घाँसगीतले समेटेको छ । घाँसेगीतको माध्यमबाट समाजमा भइरहेका समसामयिक गतिविधिहरूको चित्रण पनि गरिएको छ । केही बान्कीहरू :

कमाउने बाउलाई कलंकीमा मारे हामी पऱ्यौँ अलपत्र
माछाको भुरा सबै भयौँ टुरा हामी पऱ्यौँ अलपत्र
    लोकतन्त्र अनि जोगाइ राखौँ नानी तिमी हामी भएर
    माछाको सिली सबैजना मिली तिमी हामी भएर (भैरवीलाई भने)

## ५.८ प्रतीक र बिम्ब

कुनै एक खास विषयवस्तुलाई बुझाउँन त्यस्तै 'सदृश' अर्को वस्तुको उपस्थापन गर्ने शैलीलाई प्रतीक भनिन्छ । "प्रतीक शब्दको सामान्य अर्थ 'प्रतीत' गराउने वा झल्काउने

भन्ने हो . . . प्रतीकका रूपमा उपस्थित वस्तुले अनुपस्थित वस्तुको प्रतीति गराउनु प्रतीक-प्रयोगको मर्म हुन जान्छ ।"[७]

बिम्बको अर्थ मानसिक तस्बिर हो । हरेक सामान्य अभिव्यक्तिको पनि एउटा न एउटा अर्थ हुन्छ जसलाई सुन्नेले मानसिक रूपमा त्यसको आकार-प्रकार बनाउँछ र त्यसको अर्थ पहिल्याउँछ । साहित्यको सन्दर्भमा 'एउटा विशिष्ट अर्थ' प्रतीत गराउने सन्दर्भमा बिम्बको प्रयोग गरिन्छ । प्रतीकले एउटा शब्द वा शब्दावलीको प्रयोग गरेर अन्य विषयवस्तुको अर्थ प्रतीत गराउँछ भने बिम्बले अभिव्यक्तिको एक प्रवाहमा विषयवस्तुको प्रतीत गराउँछ । लोकसाहित्यको एउटा विशेषता यो पनि हो । लोकगीतमा भन्नुपर्ने कुरालाई घुमाउरो वा कलात्मक तरिकाले प्रस्तुत गरिन्छ । यसको सरलता र सम्प्रेष्यताका कारणले भन्ने र सुन्ने दुवै पक्षलाई यहाँ शास्त्रीय पद्धतिको प्रयोग गरिएको अनुभूति हुनै पाउँदैन । घाँसेगीतमा पनि यही तरिकाले बिम्ब र प्रतीकहरूको प्रयोग भएको छ । यसको प्रयोगबाट घाँसेगीतको कलात्मकतामा बृद्धि भएको छ । खासगरी व्यङ्ग्य गर्ने क्रममा लाक्षणिक अभिव्यक्तिमा प्रतीक र बिम्बको प्रयोग गरिएको छ ।

आलु र तामा फूलको कोपीलामा भँमराले गर्छ भूँ ऽऽ
वाग्मती खोला रस लिनलाई होला भँमराले गर्छ भूँ ऽऽ (तीनसय साट्ठी)
गाईले साँढे खोजे लान्छन् वनकालीमा आउँदैन साँढे घरघरमा
बन्दिन्छन् रूखमा समइदिन्छन् मुखमा आउँदैन साँढे घरघरमा (जता माया लायो)
ताप्केको ठाँडो तात्याछैन तेता बिंड तातेर के गर्नु
ख्याल गरेको हैन कुरो बुझ्यौ मैंना बिंड तातेर के गर्नु (आउ बैनी घर)

यहाँ गीत 'एक' मा 'फूल' किशोरी र 'भमरा' प्रेममा डुब्न चाहने किशोरको प्रतीकको रूपमा आएको छ भने 'रस लिने' प्रकृया यौन आनन्द प्राप्त गर्न चाहने कुराको बिम्ब हो ।

गीत २ मा 'गाईले साँढे खोज्नु' उमेर पुगेकी किशोरीले प्रेमी खोज्ने कुराको प्रतीक हो भने गाईलाई रूखमा बाँध्नु र मुखमा समाइदिनु ले 'धेरै निहुँ खोजे जबर्जस्ती शारीरिक सम्पर्क राख्न सक्ने चेतावनीको बिम्ब बसाइदिएको छ ।

"गीत तीन सय साट्ठी" मा प्रयोग भएको 'ताप्के' स्त्री यौन जनेन्द्रीय र 'बिंड' पुरूष यौन जनेन्द्रीयको प्रतीकको रूपमा आएको छ । बिंड ताते पनि ताप्के नतातेको भन्ने अभिव्यक्तिले पुरूष यौन सम्पर्कको लागि आतुर भए पनि स्त्री उक्त कार्यको लागि राजी नभएकोले ऊ लाचार भएको बिम्ब बसाउँछ ।

## ५.९ निष्कर्ष

काँठ क्षेत्रतिर अधिक मात्रामा गाइने हुनाले घाँसेगीतलाई **काँठभाका** भनेर पनि चिनिन्छ । काठमाण्डौमा केटा र केटीको दुई जोडी बनाई दोहोरीका रुपमा घाँसेगीत गाउने प्रचलन अधिक छ ।

[७] वासुदेव त्रिपाठी, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा, २०३०, साझा प्रकाशन, पुल्चोक, पृष्ठ ७१ ।

विषयका आधारमा घाँसेगीतको वर्गीकरण गर्दा शृंगारमूलक, संस्कृतिमूलक र इतिहास-राजनीतिमूलक गरी तीन वर्गमा विभाजन गरिएको छ । प्रेममा पाइने सफलता, विफलताका आधारमा गाइएका हर्ष-विस्मात्का गीतहरू शृंगारमूलक घाँसेगीत हुन् । समाजमा परम्परित रुपमा रमाउँदै आएका विभिन्न चाडपर्व, रीतिथितिका बारेमा गाइएका गीतहरू संस्कृतिमूलक घाँसेगीत हुन् भने इतिहासका विभिन्न घटना-परिघटना, समसामयिक राजनीतिप्रति गरिने आलोचना, व्यङ्ग्य आदिका बारेमा गाइएका गीतहरू इतिहास-राजनीतिमूलक घाँसेगीत हुन् ।

शब्दशक्ति, रस, गायकी, संरचना, भाषिक प्रयोग, स्थानीय प्रभाव तथा प्रतीक र बिम्बलाई आधार बनाएर घाँसेगीतको विश्लेषण गर्न सकिन्छ ।

# परिच्छेद छ

## निष्कर्ष/उपसंहार

मानव सभ्यताको विकासक्रममा मानिसहरूले ध्वनिबाट विभिन्न संवेगहरू अभिव्यक्त गर्न सुरू गरेदेखि नै साङ्गीतिक चेतनाको पनि सुरूवात भएको हो । ध्वनिबाट गरिने अभिव्यक्तिहरू विस्तारित र परिपक्व भएअनुरूप साङ्गीतिक चेतनाको पनि विकास हुँदै गयो र सम्पूर्ण गीतकै जननीका रूपमा लोकगीतले स्थान लियो ।

पृथ्वीनारायण शाहबाट गरिएको एकीकरण अभियानको क्रममा तीन टुक्रामा रहेका राज्यहरू एकीकृत भई सिङ्गो नेपालको राजधानी उपत्यकाको रूपमा काठमाडौँ स्थापित भइसकेपछि कला साहित्यले पनि फस्टाउने मौका पायो । लोकसाहित्यअन्तर्गत लोकगीतको पनि विकास हुन थाल्यो ।

गायनको मुख्य प्राण भाका हो । भाकालाई ध्यानमा राखेर लोकगीतको वर्गीकरण गर्ने हो भने दुई प्रकृतिका लोकगीतहरू पाइन्छन् । एकथरीका लोकगीतहरू परम्परादेखि नै एउटा निश्चित भाकामा आएका हुन्छन् । यस किसिमका लोकगीतहरूको भाकामा एकरूपता पाइन्छ । यस्ता भाका भएका लोकगीतहरूलाई ठेट लोकगीत वा ठेट भाका भन्ने गरिन्छ । अर्काथरिका लोकगीतहरूका भाकाचाहिँ समय, परिस्थितिअनुसार फेरिंदै वा परिमार्जित हुँदै आउँछन् । यस्ता लोकगीतहरू परिम्परित ठेट भाकालाई केही घुमाईफिराई वा विभिन्न ठेट भाकाको मिश्रण गरेर पनि तयार गरिन्छ भने लोकगायकहरूले आफ्नो स्वविवेकमा पनि परिमार्जन गर्छन् । यस्ता लोकगीतहरूलाई कोठे लोकगीत पनि भन्ने गरिएको छ । काठमाडौँ जिल्लामा गाइने घाँसेगीत ठेट लोक भाकामा आधारित लोकगीत हो । यसले गर्दा यसको स्थान महत्त्वपूर्ण छ ।

घाँसेगीत मेलापात जाँदा, पानी-पधेँरो गर्दा, कामको थकाइ मारी त्यसै बसिरहँदा तथा जुनसुकै अवस्थामा पनि गाउन सकिने बाह्रमासे लोकगीत हो । असारमा धान रोप्ने क्रममा यो गीत गाइने प्रचलन ज्यादै बढ्दै गएकाले यो श्रम गीत पो हो कि भन्ने भान पर्न गए पनि यो केवल धान रोप्दामात्र गाउने नभएर बाह्रै महिना गाउन सकिने भएकाले सामान्य लोकगीतअन्तर्गत नै यसलाई राखिएको हो । घाँसेगीतलाई असारे भाका पनि भन्ने गरिएको छ । यी दुई भाकामा केही भिन्नताहरू छन् । सर्वप्रथम त यी दुईबीच भाकामा नै अन्तर छ । घाँसेगीत तालबाजा रहित हुन्छ भने असारे भाकामा बाजा बजाउन सकिन्छ । यो निश्चित लयमा हुन्छ । असारे भाका केवल असारमा वा धान रोप्दामात्र गाइन्छ भने घाँसेगीत बाह्रै महिना गाइन्छ ।

घाँसेगीत एकल वा सामूहिक रूपमा गाउन सकिने लोकगीत हो भने एकल, दुईजोडी बनाई दोहोरीको रूपमा पनि यसलाई गाउने गरिन्छ । काठमाडौँ मा चाहिँ दोहोरी घाँसेगीत गाउने प्रचलन बढी पाइन्छ ।

काँठे घाँसेगीतमा काठमाडौँको जनजीवनको चित्रण पाइन्छ । यहाँका सामाजिक, राजनितिक, आर्थिक पक्षको चित्रण पाइन्छ भने समसामयिक गतिविधिहरूको पनि चित्रण गरिएको छ । काठमाडौँ जिल्लामा घाँसेगीत गाउने मुख्य थलो काँठ क्षेत्र हो । उपत्यकाको पहाडका फेदतिर तथा जिल्लाको सीमाना क्षेत्रतिर घाँसेगीत मुख्य रूपमा गाइन्छ । मूलपानी, कीर्तिपुर, थली, बुढानिलकण्ठ-पासीकोट, बालाजु, बोहोराटारजस्ता स्थानहरूबाट यस शोधपत्रका लागि गीतहरू सङ्कलन गरिएका छन् । छैमले, लप्सीफेदी, बुढानिलकण्ठ, भद्रकाली, साँखुतिर पनि यसको प्रचलन छ ।

हाल काठमाडौँमा बाह्य संस्कृतिको अतिक्रमण बढ्दो छ । पश्चिमी संस्कृति अपनाउँदा आफू व्यक्तित्ववान् र योग्य भइन्छ भन्ने भ्रम खासगरी युवा जगत्मा बढ्दै गएको छ । यस्तो मानसिकता भएका जमातबाट घाँसेगीत पाखेहरूले गाउने गीतको रूपमा अपहेलित भएको छ भने लोकगीतकै क्षेत्रमा काम गर्न लोकसङ्गीतकर्मीहरू पनि कृत्रिम लोकभाकाहरूको सिर्जना गर्दै त्यसलाई ध्वन्याङ्कन र चित्राङ्कन गर्ने प्रचलनतिर उन्मुख भएका छन् । आफ्नो कला संस्कृतिको जगेर्ना गरेको भन्ने तर्क गर्दै पूर्ण व्यवसायिक भएका छन् । यसरी काठमाडौँ उपत्यकाको घाँसेगीत दोहोरो मारमा परिरहेको छ । उत्कृष्ट लोकगीतमा हुनुपर्ने सबैजसो विशेषता यसमा पाइए पनि यस्तैयस्तै कारणले गर्दा हालसम्म घाँसेगीतले त्यति लोकप्रियता र प्रसार हुन पाएको छैन जति यसले पाउनु पर्ने हो ।

# सन्दर्भग्रन्थसूची

## क) सन्दर्भ पुस्तक-सूची


जंगम, दीपक र रावल, बेनी, (२०५७), **संगीत सुरभी,** भृकृटी पुस्तक तथा मसलन्द भण्डार, प्रदर्शनी मार्ग, काठमाडौं ।

पराजुली, कृष्णप्रसाद, (२०२७), **नेपाली लोकगीतको आलोक,** विणा प्रकाशन प्रा.लि. ।

पौड्याल, कृष्णविलास, (२०६०), **नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना,** नवीन प्रकाशन, भोटाहिटी ।

पौडेल, विष्णुप्रसाद, (२०५७), **संस्कृत काव्यशास्त्र,** भुँडी पुराण प्रकाशन, बागबजार ।

बन्धु, चूडामणि, (२०५८), **नेपाली लोकसाहित्य,** एकता बुक्स, थापाथली ।

त्रिपाठी, वासुदेव, (२०३०), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** साझा प्रकाशन, पुल्चोक ।


## ख) शोधपत्रहरूको सूची


काफ्ले, दिलीपकुमार, (२०५८), **नेपाली साहित्यको अनुसन्धान परम्परा,** एम.ए. शोधपत्र, त्रि.वि. ।

डाँगी, अम्बिकाप्रसाद, (२०६२), **रूकुमेली लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** एम.ए. शोधपत्र, त्रि.वि. ।